# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाकुरबाबा, बर्दिया, लुम्बिनी प्रदेश

# आर्थिक विकास योजना

## अन्तिम प्रतिवेदन
२०८१

# विषयसूची


खण्ड १ : परिचय १

१.१ आर्थिक विकास योजनाको अवधारणा १

१.२ आर्थिक विकास योजना सम्बन्धी कानूनी प्रावधानहरु १

१.२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १

१.२.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ १

१.२.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ २

१.२.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ २

१.२.५ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ २

१.२.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ २

१.३ आर्थिक विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरु २

१.३.१ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू २

१.३.२ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ३

१.३.३ दिगो विकासका लक्ष्यहरू ७

१.४ योजना तर्जुमाका सीमाहरू ९

१.५ आर्थिक विकास योजनाको उद्देश्य ९

१.६ आर्थिक विकास योजनाको औचित्य १०

१.७ आर्थिक विकास योजना तर्जुमा प्रक्रिया १०

खण्ड २ : स्थानीय आर्थिक विकासको वस्तुस्थिति विश्लेषण १२

२.१ नगरपालिकाको वस्तुस्थिति विवरण १२

२.१.१ नगरपालिकाको परिचय १२

२.१.२ भौगोलिक अवस्थिति १३

२.१.३ स्थानीय तहको जनसंख्या १३

२.१.४ उमेर समूह अनुसार जनसंख्या १४

२.१.५ स्थानीय भौतिक पूर्वाधारको अवस्था १६

२.२ आर्थिक विकासको विश्लेषण १६

२.२.१ आर्थिक पूर्वाधार विकास १६

२.२.२ आर्थिक सशक्तिकरण, व्यवसायिकरण तथा आर्थिक सचेतना १६

२.२.३ कृषि तथा खाद्य सुरक्षा १७

२.२.४ सिंचाई १७

२.२.५ पर्यटन तथा सँस्कृति १८

२.२.६ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १९

२.२.७ आम्दानी, रोजगारी र वित्तीय सेवा १९

२.२.८ श्रम, रोजगारी र सामाजिक सुरक्षा २०

**खण्ड ३ : आर्थिक विकास रणनीतिक योजना** २१

**३.१. दीर्घकालीन आर्थिक सोच, लक्ष्य र उद्देश्यहरु** २१

**३.२ योजनाका प्रमुख संवाहकहरु** २१

३.२.१ आर्थिक पूर्वाधार विकास २१

३.२.२ आर्थिक शसक्तिरण, व्यवसायिकरण तथा आर्थिक सचेतना २६

३.२.३ कृषि तथा पशुपन्छी ३०

३.२.४ सिंचाई ५२

३.२.५ पर्यटन, सँस्कृति तथा सम्पदा ५६

३.२.६ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ६८

३.२.७ आम्दानी, रोजगारी र वित्तीय सेवा ७५

३.२.८ श्रम, रोजगारी र सामाजिक सुरक्षा ८२

३.२.९ तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ८६

**३.३ परिमाणात्मक लक्ष्यहरु** ८९

**३.४ संस्थागत व्यवस्था** ९०

**३.५ वित्तिय व्यवस्थापन** ९१

**३.६ कार्यान्वयन योजना** ९२

३.६.१ कार्यान्वयन प्रक्रिया र तालिका ९२

**खण्ड ४ : अनुगमन तथा मूल्याङ्कन** ९३

**४.१ अनुगमन** ९३

**४.२ मूल्याङ्कन** ९७

**खण्ड ५ : नतिजा खाका** ९८

**अनुसूचीहरु**

**अनुसूची १ : माइन्युटिङ** १०७

**अनुसूची २ : कार्यक्रमका तस्विरहरु** १११

# खण्ड १ परिचय

## १.१ आर्थिक विकास योजनाको अवधारणा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विविध क्षेत्रहरुमा केन्द्रित भई वार्षिक, अल्पकालिन र दिर्घकालिन प्रकृतिका विकास योजनाहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। नेपालमा आवधिक विकास योजना निर्माण र कार्यान्वयनको थाली वि.सं. २०१३ सालबाट भएतापनि संघियता कार्यान्वयनको झण्डै दश वर्ष बितिसकेको परिप्रेक्षमा स्थानीय तहले स्वयं विकास योजना निर्माण र कार्यान्वयन गर्ने अवस्थासम्म आइपुग्दा आर्थिक विकास र आर्थिक सम्बृद्धिको मुद्धा उत्तिकै पेचिलो र केन्द्र भागमा नै रहेको छ। यसको अर्थ योजनाबद्ध विकासको सुरुवात भएको झण्डै ७० वर्ष हुन लाग्दा समेत आर्थिक पछौटेपन नै हाम्रो नियती हुन पुगेको छ। यद्यपी स्थानीय स्तरमा नै विकासका योजना तर्जुमा गर्ने परिपाटी भने नेपालका लागि संघियताको एक नविन र अहंम् पक्ष हो। यसर्थ यस पृष्ठभूमिमा स्थानीय आवश्यकताहरुलाई मध्यनजर गरी यस ठाकुरबाबा नगरपालिकाको आर्थिक सम्बृद्धि हासिल गर्ने हेतुले नगरपालिकाको आर्थिक क्षेत्र भित्र पर्ने अधिकारहरुलाई समेटेर यस नगरपालिकाको समग्र आर्थिक विकासलाई योजनाबद्ध तरिकाले अगाडि बढाउन यो आर्थिक विकास योजना तर्जुमा गरिएको हो।

## १.२ आर्थिक विकास योजना सम्बन्धी कानूनी प्रावधानहरु

### १.२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**नेपालको संविधान** (२०७२) को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा २ (छ)** र **दफा २४** बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानुन तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्था बमोजिम यो आर्थिक विकास योजना निर्माण गरिएको छ। साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप योजनालाई अन्तिम रूप दिइएको छ।

### १.२.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

**नेपालको संविधान**को **धारा ५९** बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ।

### १.२.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

**नेपालको संविधान**को **धारा ६०** को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय श्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक श्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा श्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस योजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

### १.२.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन  २०७६ र नियमावली २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले स्थानीय तहको आर्थिक र वित्तिय स्रोत र क्षमता  को वारेमा उल्लेख गर्दछ । यसको दफा ७ ले आवधिक योजनाले प्रक्षेपित गरेको लगानी र वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा सम्वन्धित पालिकाको आर्थिक क्षमता हेर्नुपर्ने र त्यसैको आधारमा आयोजना बैङ्कको स्थापना गरि योजनाको कार्यान्वयन गर्नुगर्ने उल्लेख गरिएको छ । यसर्थ आर्थिक योजना निर्माण गर्दा यस ऐनलाई समेच आधार बनाइएको छ ।

### १.२.५ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

यो ऐनले तिन तहका सरकार बीचको समन्वय र अन्तरसम्बन्धको वारेमा उल्लेख गर्दछ । खासगरि राष्ट्रियस्तरका र एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने, प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने तथा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था  यो ऐनले गरेको छ । स्थानीय तहले आयोजना तर्जुमा गर्दा सङ्घीय कानूनले तोकेको मापदण्डको आधारमा गर्नुपर्ने र यसको अधिकार सूची र कार्य जिम्मेवारीको विषयमा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### १.२.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रत्येक स्थानीय तहले अध्यक्ष वा प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था यसले गरेको छ । समितिले  जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यसञ्चालन गर्न आवश्यक सम्पुर्ण कार्यहरुको व्यवस्थापन र अनुगमन तथा सञ्चालन गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

## १.३ आर्थिक विकास योजना तर्जुमा गर्दा लिइएका नीतिगत आधारहरु

### १.३.१ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

यस आर्थिक विकास योजना तयारीका लागि संविधानको धारा ५१ मा रहेका नीतिहरुलाई मूल आधार लिई यस नीतिको अधिनमा रहेका प्रादेशिक तथा स्थानीय नीतिहरुलाई समेत आधार मानी यस योजना तयार गरिएको छ । यस योजना निर्माण गर्न स्थानीय तहहरुले उपयुक्त मानेका निम्न नीतिहरुलाई

प्रमुख आधार मानिनुका साथै प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

### १.३.२ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी तय गरिएका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरुका मुख्य सोचका आधारहरु निम्न हुन् ।

#### (क) दीर्घकालीन सोच वि.सं. २१००

नेपालको राजनीतिक अस्थिरतालाई अन्त्य गरी राज्यको उच्च आर्थिक विकास र समृद्धि प्राप्त गर्ने लक्ष्य लिई उच्च गुणस्तरको मानव पूँजी निर्माण, राजनीतिक जोखिमहरुको कमी, आय वृद्धिलाई प्रोत्साहन गरी वि.सं. २०७९ देखि अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नती गर्दै वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरु हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा रुपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई "समृद्ध नेपाल सुखी नेपाली" तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धिमा "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितका समान अवसर प्राप्त, स्वास्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

**दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीतिहरु**

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

**रूपान्तरणका प्रमुख संवाहक**

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ । आगामी योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछन् ।

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार, पूर्वाधार र बृहत् सञ्जालीकरण,
२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य, संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,
४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,
७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

**सहयोगी क्षेत्र**

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,
२. जनसांख्यिक लाभ र नागरिक सचेतना,
३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,
४. सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,
५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,
६. स्वच्छ र नवीकरणीय ऊर्जा,
७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्‌भाव र
८. संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

**दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू**

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औषत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औषत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औषत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औषत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुनेछ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ। वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेछ। वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुनेछ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको।
२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको।
३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको।
४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने।
५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको।
७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने।
८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने।
९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने।
१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने।

**स्रोतः** **१.** राष्ट्रिय लेखा, आ.व. २०७५/७६; **२.** बहुआयामिक गरिबीको प्रतिवेदन २०१८; **३.** नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; **४.** राष्ट्रिय जनगणना, २०६८; **५.** मानव विकास प्रतिवेदन २०१८

**नोटः** (क) दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ।

(ख) शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ।

(ग) आगामी योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिने छन्।

## (ख) पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१)

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्थर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो ।

## (ग) लुम्बिनी प्रदेशको आवधिक योजना (२०७६/७७- २०८०/८१)

### प्रादेशिक दीर्घकालीन सोच

"समृद्ध प्रदेश : खुशी जनता"

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता ।

### प्रादेशिक लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

### प्रादेशिक योजनाको औचित्य

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन गरिबी निवारण गर्नु ।

### परिमाणात्मक लक्ष्य

यस योजनामा ५ वर्षभित्र देहायबमोजिम उपलब्धि हासिल गर्नेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ जुन तलको तालिकामा देखाएको छ ।

तालिका नं. १: लुम्बिनी प्रदेशको आर्थिक विकासको क्षेत्रका परिमाणात्मक लक्ष्यहरू (आ.व. २०८०/८१ सम्म)

| राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४ | ९.५ (५ वर्षको औसत) |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | ६.० (५ वर्षको औसत) |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १६०० |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.० |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ |
| बाल मृत्युदर (प्रति हजारमा) | ४५ | २५ |
| माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७ | ९३ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० |
| विद्युत सेवा पुगेका जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० |
| सडकको लम्बाइ (कि.मि.)* | ११२३३ | १२५०० |
| पक्की सडकको अंश प्रतिशत | १७ (१,९३८ कि.मि.) | २८ (३५००० कि.मि.) |
| इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ |

*यस तथ्याङ्कमा स-साना शहरी तथा स्थानीय तहभित्रका सडकको तथ्याङ्क समावेश छैन ।

### १.३.३ दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ । संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन् । तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ । कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन । यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस नगरपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ ।

**दिगो विकासका लक्ष्यहरू**

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।

३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।

४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।

५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।

८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

१०. मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।

११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।

१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।

१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

१५. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।

१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दिगो विकास लक्ष्य स्थानियकरण स्रोत पुस्तीकाका आधारमा दिगो विकास लक्ष्यहरुलाई नगरपालिकाको विशिष्टताका आधारमा स्थानीयकरण गरिएको

### (क) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस नगरपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

### (ख) अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### (ग) स्थानीय तहमा सहभागी राजनीतिक दलहरूको घोषणापत्रहरू

यो योजना निर्माणको दौरान यस नगरपालिकामा रहेका राजनीतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरपालिकावासीका माझ गरेका विकासका राजनीतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

### (घ) नगरपालिकाको विद्यमान वस्तुगत अवस्था

नगरपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा नगरपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा नगरपालिकाको प्रमुख समस्या चुनौती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो ।

## १.४ योजना तर्जुमाका सीमाहरू

देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र संघीय शासन प्रणाली, कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थ:

- दिगो विकासलगायत नगरपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुन: निर्धारण गर्न सक्ने ।
- नगरपालिकाद्वारा गर्नुपर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको श्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको ।

## १.५ आर्थिक विकास योजनाको उद्देश्य

यस आर्थिक विकास योजनाको मूल उद्देश्य नगरपालिकाको समग्र आर्थिक विकास हासिल गर्न यसले समेट्ने उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा कार्यान्वयन व्यवस्थाका बारेमा सुव्यवस्थित ढंगले योजना तय गर्नु हो । यसका अन्य उद्देश्यहरुमा:

१) सिमित श्रोत र साधनको उच्चतम सदुपयोगबाट दिगो आर्थिक विकास हासिल गर्न मार्गनिर्देश गर्नु ।

२) स्थानीय आवश्यकता पहिचान गरी सोहि बमोजिम योजना निर्माण गर्नु ।

३) नगरपालिकाका सबल तथा दुर्बल पक्ष साथै सम्भावना र अवसरहरुको उजागर गरी लक्ष्य र उद्देश्य तय गर्नु ।

४) सन्तुलित र समन्यायिक आर्थिक विकास हासिल गर्नु ।

५) दिगो विकासका आर्थिक विकास सम्बद्ध लक्ष्य हासिल गर्ने गरी योजनाको तादाम्यता मिलाउनु ।

६) जलवायू परिवर्तन तथा अनुकूलनका मुद्दाहरु सम्बोधन गर्ने कार्यक्रमलाई आर्थिक विकास कार्यक्रमसँग आबद्ध गर्नु ।

७) सिमान्तकृत, उत्पिडित, अल्पसंख्यक, महिला, यौनिक अल्पसंख्यक, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र दलित पिछडाको लगायतका मुद्दाहरुलाई सम्बोधन गर्ने गरी आर्थिक विकास योजना तर्जुमा गर्नु ।

८) संघिय र प्रादेशिक विकास योजनासँग तादाम्यता मिलाउनु ।

९) स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गर्ने गरी योजना निर्माण गर्नु ।

१०) राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा सन्धी महासन्धीका मूल सिद्धान्तहरुलाई अवलम्बन गरी नगरपालिकाका आर्थिक विकासको सुनिश्चितता गर्नु ।

## १.६ आर्थिक विकास योजनाको औचित्य

संविधान र विद्यमान ऐनहरुले प्रत्यायोजन गरेका अधिकारको प्रयोग गरी स्थानीय समस्या र आवश्यकताहरुको पहिचान गरी स्थानीय श्रोत र साधनको प्रयोग मार्फत नगरपालिकाद्वारा आफ्ना लागि आफैंले आर्थिक विकास योजना निर्माण गरी कार्यान्वयन गर्नु वैधानिक, नीतिगत तथा स्थानीय आवश्यकताका दृष्टिकोणले पूर्णत औचित्यपूर्ण छ ।

## १.७ आर्थिक विकास योजना तर्जुमा प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लाई आधार मानिएको छ । मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अबलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तयार गरिएको छ ।

### १. योजना तर्जुमा तयारी प्रारम्भिक छलफल, अभिमुखिकरण तथा कार्यशाला

नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा आर्थिक विकास योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

### २. विकासको विद्यमान स्थिती र उपलब्धिको समिक्षा

विकास उपलब्धिको प्रगती विवरण, उपलब्ध सुचना तथा सहभागितामुलक छलफलका आधारमा गत योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धिलाई बिषय क्षेत्रगत रुपमा संक्षिप्त समीक्षा गरियो । यसरी समीक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रुपमा उपलब्ध सुचनाको आधारमा पुष्टि हुने गरी प्रस्तुत गरियो ।

### ३. स्थानीयस्तरमा नगरपालिकाको समग्र वस्तुस्थिति अध्ययन विवरण संकलन तथा विश्लेषण

यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य सम्भावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

### ४. नगरपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा भू-सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू-संकेत र सचना संकलन गरियो ।

### ५. प्राप्त सूचनाहरूको संकलन तथा विश्लेषण

छलफल र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको SWOT विश्लेषण गरी नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

### ६. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको समग्र मस्यौदा तयारी तथा प्राथमिकता निर्धारण

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

### ७. विषय क्षेत्रगत योजना तर्जुमा

स्थानीय तहको  वार्षिक योजना तथा बजेट तर्जुमा समितीको लागि गठित विषयगत योजना तर्जूमा समिति तथा सम्वन्धित बिषय क्षेत्रका सरोकारवालासँगको सहभागीतामा कार्यशाला गोष्ठी तथा परामर्श गरि विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरि योजना तर्जुमा गरियो ।

### ८. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल तथा सुझाव संकलन

सम्पूर्ण सरोकारवाला तथा नगर कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरेपश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरि वितरण गरियो ।

### ९. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन

मस्यौदा उपर छलफल तथा सुझाव संकलनपश्चात् योजनालाई विषयक्षेत्रगत हिसाबले एकीकृत गरी अन्तिम रूप दिएर नगरसभामार्फत् प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय नगर कार्यपालिकाले गऱ्यो ।

# खण्ड २ स्थानीय आर्थिक विकासको वस्तुस्थिति विश्लेषण

यस खण्ड मा नगरपालिकाको सामान्य परिचय, समग्र आर्थिक उपक्षेत्रहरुको वस्तुगत अवस्थाको विवरणहरु सहित संछिप्त ढंगले विश्लेषण गरिएको छ । सामान्यत आर्थिक क्षेत्र भित्र पर्ने उपक्षेत्रहरुको क्रमिक रुपमा विश्लेषण गरिएको छ । यसबाट ति क्षेत्रहरुको वर्तमान अवस्थाको बारेमा स्पस्ट हुनुको साथै योजना प्रस्ताव गर्ने आधार तयार हुन्छ जुन निम्नानुसार रहेका छन् :

## २.१ नगरपालिकाको वस्तुस्थिति विवरण

### २.१.१ नगरपालिकाको परिचय

नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको ८ स्थानीय तहहरुमध्ये एक यस ठाकुरबाबा नगरपालिका मिति २०७२ साल आश्विन २ मा साविकका बगनाह र नेउलापुर गा.वि.सलाई समेटेर बबई नगरपालिका स्थापना भएको र पछि वि.सं. २०७३ साल फाल्गुण २७ मा शिवपुर र ठाकुरद्वारा गा.वि.स.लाई समेत समेटेर ठाकुरबाबा नगरपालिका स्थापना भएको हो । प्रशासनिक रुपमा ९ वटा वडामा विभाजन गरिएको यस नगरपालिका कुल १०४.५२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। वि.सं. २०७९ सालमा गरिएको घरधुरी सर्वेक्षणअनुसार यस नगरपालिकाको कुल जनसंख्या ५७३६२ (पुरुष २९०७०, महिला २८२८७ र अन्य ५) रहेको छ भने कुल घरधुरीको सङ्ख्या ११,५६४ रहेको छ। सोही अनुसार लैंगिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०३ रहनुका साथै जनघनत्व ५४८.५५ जना प्रति वर्ग किलोमिटर रहेको छ। नगरपालिकामा रहेको कुल जनसंख्यामध्ये आर्थिक रूपले सक्रिय पुरुषको जनसंख्या १९,६३८ र महिलाको जनसंख्या १९,५८० जना र अन्य जनसंख्या ४ जना गरी जम्मा ३९,२२२ रहेका छन् । यसैगरी ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहको साक्षरता दर ७६ प्रतिशत रहेको छ। जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३१,२०६ अर्थात ५४.४ प्रतिशत थारु, दोस्रोमा १०,०१५ अर्थात १७.४६ प्रतिशत क्षेत्री, तेस्रो र चौथोमा क्रमश १३.३६ प्रतिशत ब्राह्मण पहाड र ५.२१ प्रतिशत कामी रहेका छन् ।

ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक रुपमा सम्पन्न यस नगरपालिकाको नामाकरण प्रसिद्ध धार्मिकस्थल ठाकुरद्वार मन्दिरको नामबाट गरिएको हो । जैविक विविधताको केन्द्र, प्राकृतिक रुपमा सुन्दर र भौगोलिक रुपमा सुगम रहेकोले मुलुकको पश्चिम पहाडी क्षेत्रका धेरैजसो मानिसहरूको बसोबासका लागि रोजाइको रुपमा रहेको यस नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका छन् । तसर्थ उनीहरुका आ-आफ्नै चाडपर्वहरु छन् । जस्तैः हिन्दू धर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा,नयाँवर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा, थारु समुदायको माघी, हरेरी पूजा, धुर्या, ल्वाङी

ढकका साथै बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गर्दछन । क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि मनाउने गर्दछन् ।

### २.१.२ भौगोलिक अवस्थिति

बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट २२ कि.मि. दुरीमा रहेको ठाकुरबाबा नगरपालिका भौगोलिक हिसाबले मुलुकको मध्य पश्चिमी क्षेत्रमा अवस्थित नगरपालिका हो । समुन्द्र सतहबाट १४४ मिटरदेखि २१४ मिटरसम्मको उचाईमा रहेको यस नगरपालिका भौगोलिक रुपमा ८१°१३'२४.६९" देखि ८१°२१'११.७७५" पूर्वी देशान्तर र २८°२१'५३.६३" देखि २८°३१'१९.२९५" उत्तरी अक्षांशमा फैलिएको छ । नगरपालिकाको पूर्व, पश्चिम र उत्तर दिशामा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिण तर्फ मधुवन नगरपालिका पर्दछ । यहाँको अधिकांश भू-भाग समथर तराईको भूमि अन्तर्गत पर्ने हुँदा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । यहाँ उष्ण प्रकारको हावापानी पाइने हुँदा पुष र माघ महिनामा धेरै जाडो हुन्छ र बैशाख, जेठ, असारमा अधिक गर्मी हुने गर्दछ । यहाँको तापक्रम न्युनतम ८ डिग्री सेल्सियसदेखि उच्चतम ४३ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने यहाँ वार्षिक औषत बर्षा ११२० मिलिलिटर हुने गर्दछ ।

### २.१.३ स्थानीय तहको जनसंख्या

तालिका नं. २: स्थानीय तहको वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरीको विवरण

| वडा | घरधुरी | जम्मा जनसंख्या | | | | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | अन्य | जम्मा | |
| १ | १६१० | ३७४६ | ३६०२ | २ | ७३५० | ५.२२ |
| २ | १६९९ | ४२९६ | ४०७२ | २ | ८३७० | १३.२९ |
| ३ | १६१५ | ४२२६ | ४१२२ | १ | ८३४९ | १२.५७ |
| ४ | १२३१ | ३१९६ | ३०८५ | ० | ६२८१ | ८.६७ |
| ५ | १३७४ | ३४४१ | ३४४० | ० | ६८८१ | ३१.४९ |
| ६ | ८८२ | २३१५ | २१९९ | ० | ४५१४ | ८.०४ |
| ७ | ९१९ | २३५८ | २२८७ | ० | ४६४५ | ६.३९ |
| ८ | १०१७ | २५६६ | २५१८ | ० | ५०८४ | ११.०६ |
| ९ | १२१७ | २९२६ | २९६२ | ० | ५८८८ | ७.८४ |
| **जम्मा** | ११५६४ | २९०७० | २८२८७ | ५ | ५७३६२ | १०४.५७ |

स्रोत : नगरपालिकाको पार्श्वचित्र, २०७९

माथिको तालिकाले प्रस्तुत गरिएको विवरणअनुसार नगरपालिकामा विभाजित ९ वटै वडाको महिला, पुरुष तथा अन्य गरी कुल जम्मा ५७,३६२ जनसंख्या र ११५६४ घरधुरी रहेको प्रष्टता देखिन्छ । जसमा वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं. २ (जनसंख्या ८,३७०) मा रहेको छ र सबैभन्दा थोरै जनसंख्या वडा नं. ६ (जनसंख्या ४,५१४) रहेका छन् । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।

## २.१.४ उमेर समूह अनुसार जनसंख्या

| वडा | विवरण | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७०-७४ वर्ष | ७५बर्ष माथी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | २९१ | २८२ | ३४२ | ३८८ | ४२४ | ३७९ | ३१० | ३०९ | २८६ | १८६ | १६६ | १०९ | १०४ | ४९ | ६३ | ५८ | ३७४६ |
| | महिला | २४९ | २६० | २९६ | ३६७ | ४०३ | ४०५ | ३२७ | ३०२ | २४८ | १९७ | १७१ | १०० | ८३ | ५६ | ६५ | ७३ | ३६०२ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | जम्मा | ५४० | ५४२ | ६३८ | ७५५ | ८२७ | ७८४ | ६३८ | ६११ | ५३५ | ३८३ | ३३७ | २०९ | १८७ | १०५ | १२८ | १३१ | ७३५० |
| २ | पुरूष | ३१७ | ३६३ | ३७१ | ३६८ | ४४८ | ४८४ | ३८३ | ३४८ | २५९ | २२९ | २०४ | १६५ | १०९ | ८९ | ७३ | ८६ | ४२९६ |
| | महिला | २४१ | ३०८ | ३२४ | ३९५ | ४६१ | ४८२ | ३६६ | ३२७ | २५८ | १८९ | २२४ | १३१ | १११ | १०३ | ८० | ७२ | ४०७२ |
| | अन्य | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | जम्मा | ५५८ | ६७१ | ६९५ | ७६४ | ९०९ | ९६६ | ७४९ | ६७५ | ५१८ | ४१८ | ४२८ | २९६ | २२० | १९२ | १५३ | १५८ | ८३७० |
| ३ | पुरूष | ३४७ | ३६५ | ३६४ | ३६२ | ४५० | ४७२ | ३७८ | ३१६ | २७१ | २११ | १८८ | १५२ | १०५ | ९४ | ८० | ७१ | ४२२६ |
| | महिला | २९३ | २९५ | ३७० | ३८० | ४४६ | ५१२ | ३५० | ३२० | २४६ | १९० | २०१ | १४४ | १०९ | ९० | ९१ | ८५ | ४१२२ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| | जम्मा | ६४० | ६६० | ७३४ | ७४२ | ८९६ | ९८४ | ७२८ | ६३६ | ५१७ | ४०१ | ३८९ | २९६ | २१४ | १८४ | १७२ | १५६ | ८३४९ |
| ४ | पुरूष | २७३ | २४० | २६९ | २९७ | ३२१ | ३६५ | २७७ | २५७ | १९१ | १४२ | १५८ | १२३ | ६५ | ७६ | ५६ | ८६ | ३१९६ |
| | महिला | २२६ | २०० | २६५ | २९० | ३६८ | ३६४ | २६९ | २४८ | १७३ | १६२ | १५६ | १०२ | ८१ | ६३ | ५८ | ६० | ३०८५ |
| | जम्मा | ४९९ | ४४० | ५३४ | ५८७ | ६८९ | ७२९ | ५४६ | ५०५ | ३६४ | ३०४ | ३१४ | २२५ | १४६ | १३९ | ११४ | १४६ | ६२८१ |
| ५ | पुरूष | २४६ | २६९ | २८४ | ३४० | ३४४ | ३६७ | ३०१ | ३०८ | २०५ | १७८ | १४८ | १५२ | ८४ | ९४ | ६३ | ५८ | ३४४१ |
| | महिला | २४६ | २५९ | ३०० | ३७१ | ३७६ | ३६९ | ३०१ | २९१ | १९९ | १५३ | १६१ | १२० | ९० | ८७ | ६६ | ५१ | ३४४० |
| | जम्मा | ४९२ | ५२८ | ५८४ | ७११ | ७२० | ७३६ | ६०२ | ५९९ | ४०४ | ३३१ | ३०९ | २७२ | १७४ | १८१ | १२९ | १०९ | ६८८१ |
| ६ | पुरूष | १९६ | १७४ | १८० | २२५ | २६३ | २२२ | २२४ | २०३ | १५५ | ११६ | ८८ | ७१ | ७३ | ४६ | ४२ | ३७ | २३१५ |
| | महिला | १३८ | १५८ | १५६ | २३२ | २६१ | २४९ | १७८ | १८३ | १५३ | ११५ | ९८ | ७० | ६३ | ५७ | ५३ | ३५ | २१९९ |
| | जम्मा | ३३४ | ३३२ | ३३६ | ४५७ | ५२४ | ४७१ | ४०२ | ३८६ | ३०८ | २३१ | १८६ | १४१ | १३६ | १०३ | ९५ | ७२ | ४५१४ |
| ७ | पुरूष | १७८ | १९७ | १९२ | २१६ | २७१ | २९३ | २१० | १७७ | १२५ | १२० | १२० | ८८ | ६२ | ४४ | २८ | ३७ | २३५८ |
| | महिला | १६४ | १८० | १८० | २०७ | २८७ | २६२ | २०४ | १७२ | १२७ | ११२ | ११७ | ९० | ६९ | ४६ | ३३ | ३७ | २२८७ |
| | जम्मा | ३४२ | ३७७ | ३७२ | ४२३ | ५५८ | ५५५ | ४१४ | ३४९ | २५२ | २३२ | २३७ | १७८ | १३१ | ९० | ६१ | ७४ | ४६४५ |
| ८ | पुरुष | २२० | १७९ | २२५ | २४० | २५६ | २९१ | २६८ | २०२ | १७४ | ११४ | ११७ | ९८ | ७६ | ४२ | ३६ | २८ | २५६६ |

| वडा | विवरण | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७०-७४ वर्ष | ७५बर्ष माथी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | १५७ | २०३ | १९७ | २६९ | २५८ | ३१२ | २४० | १९० | १५० | ११६ | १४८ | ८८ | ६९ | ४३ | ३५ | ४३ | २५१८ |
| | जम्मा | ३७७ | ३८२ | ४२२ | ५०९ | ५१४ | ६०३ | ५०८ | ३९२ | ३२४ | २३० | २६५ | १८६ | १४५ | ८५ | ७१ | ७१ | ५०८४ |
| ९ | पुरुष | २१८ | २३९ | २६६ | २५१ | २९१ | ३२४ | २५८ | २७५ | १९९ | १२६ | १५४ | ९४ | ७३ | ६६ | ४९ | ४३ | २९२६ |
| | महिला | २०३ | २०४ | २४० | ३१३ | ३६४ | ३७० | २७६ | २३४ | १६६ | १४३ | १२४ | ८७ | ७८ | ५८ | ६१ | ४१ | २९६२ |
| | जम्मा | ४२१ | ४४३ | ५०६ | ५६४ | ६५५ | ६९४ | ५३४ | ५०९ | ३६५ | २६९ | २७८ | १८१ | १५१ | १२४ | ११० | ८४ | ५८८८ |
| जम्मा | पुरुष | २२८६ | २३०८ | २४९३ | २६८७ | ३०६८ | ३१९७ | २६०९ | २३९५ | १८६५ | १४२२ | १३४३ | १०५२ | ७५१ | ६०० | ४९० | ५०४ | २९०७० |
| | महिला | १९१७ | २०६७ | २३२८ | २८२४ | ३२२४ | ३३२५ | २५११ | २२६७ | १७२० | १३७७ | १४०० | ९३२ | ७५३ | ६०३ | ५४२ | ४९७ | २८२८७ |
| | अन्य | ० | ० | ० | १ | ० | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | १ | ० | ५ |
| | जम्मा | ४२०३ | ४३७५ | ४८२१ | ५५१२ | ६२९२ | ६५२२ | ५१२१ | ४६६२ | ३५८७ | २७९९ | २७४३ | १९८४ | १५०४ | १२०३ | १०३३ | १००१ | ५७३६२ |

स्रोतः नगरपालिकाको पार्श्वचित्र, २०७९

प्रस्तत तालिकाको विवरणअनुसार नगरपालिकामा जम्मा २९,०७० पुरुष, २८,२८७ जना महिला र ८ जना अन्य जनसंख्या गरी कूल ५७,३६२ जनसंख्या रहेका छन् । उमेर समूहमा लिङ्गअनुसार बाहुल्यताको विवरण हेर्दा १४ वर्ष सम्म, ३० देखि ४९ वर्ष सम्म, ५५ देखि ५९ र ७५ वर्ष र सो भन्दा माथिको उमेर समूहमा पुरुषको बाहुल्यता र बाँकी उमेर समूहमा महिलाको बाहुल्यता रहेको छ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.१.५ स्थानीय भौतिक पूर्वाधारको अवस्था

भौतिक र संगठनात्मक संरचनाहरु र सुविधाहरु जस्तै भवनहरु, सडकहरु, विद्युत आपूर्तिहरुलगायत समाज वा उद्योग चल्न चलाउनको लागि आवश्यक पूर्वाधारहरु हुन् । जसमा सडक सञ्जालले कुनै पनि स्थानको भौतिक विकासको निम्ति प्रमुख भूमिका खेलेको हुन्छ । सम्पुर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई पालिका केन्द्रसँग जोड्नु तथा पालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नतिमार्फत् कृषि उत्पादनहरूको बजारीकरण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जालमार्फत उद्योग तथा पर्यटनक्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जालमार्फत पहुँच पुऱ्याएर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ । नगरपालिकाको आवधिक योजना २०८० मा प्राप्त तथ्यांकअनुसार पछिल्लो समय ४३९४० मि. नयाँबाटो निर्माण, ६७७५६ मि. ग्राभेल, ९४९१ मि. सडक कालोपत्रे भएको पाउन सकिन्छ । यसै गरी ७२ वटाकल्भर्ट निर्माण, ४७० स्थानमा ह्यूमपाइप राख्ने कार्य भएको पाउन सकिन्छ । नगरपालिकाका प्रत्येक वडामा नगरका वडा स्तरिय गौरवका आयोजना संचालन मार्फत करिब १३ कि. मि. सडक कालोपत्रे गर्ने कार्य भएको छ । यहाँका मुख्य सडकहरू कालोपत्रे छन् भने सहायक सडकहरू विस्तार तथा स्तरोन्नती तीव्र रुपमा भइरहेको छ ।

हाल नगरपालिकाको कुल घरपरिवारहरूमध्ये खाना पकाउनका लागि ९,६९० अर्थात् ८३.७९ प्रतिशतले काठ/दाउरा/कोइला, १,७५७ अर्थात् १५.१९ प्रतिशतले एल.पी. ग्यासको प्रयोग गर्दछन् भने मट्टितेल, बिजुली र अन्य स्रोत प्रयोग गर्ने जनसंख्या नगन्य रहेका छन् । यसैगरी सिँचाईतर्फ नगरपालिकामा खेतीपाती गर्ने ६,६१४ परिवार संख्या मध्ये ४,९१२ परिवार अर्थात ७४.४७ प्रतिशतले सिँचाइ सुविधा प्राप्त गरिरहेका छन् भने बाँकी १,७०२ अर्थात २५.७३ प्रतिशत परिवार सिँचाइ सुविधाबाट बञ्चित रहेकोले मौसमी सिँचाईमा भर पर्नुपर्ने अवस्था छ ।

## २.२ आर्थिक विकासको विश्लेषण

### २.२.१ आर्थिक पूर्वाधार विकास

नगरपालिकाको आर्थिक सम्बृद्धिका लागि आर्थिक पूर्वाधारको विकासलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ । सामान्यतया परम्परागत रुपमा विद्यमान सडक, विद्युत, हाट बजार तथा निर्माण सामाग्री लगायतका पूर्वाधारहरुको अवस्था सामान्य भएपनि नगरपालिकामा आर्थिक पूर्वाधार विकासलाई लक्षित नै गरेर तयार भएका ठूला पूर्वाधारहरुको अवस्था भने सन्तोषजनक छैन ।

### २.२.२ आर्थिक सशक्तिकरण, व्यवसायिकरण तथा आर्थिक सचेतना

राष्ट्रियस्तरमा नै आर्थिक शसक्तिकरण व्यवसायिकरण तथा आर्थिक सचेतना कमजोर भएको हुँदा यस नगरपालिकामा समेत यसको अवस्था कमजोर रहेकोले सरोकारवालाहरुलाई; विशेष गरी स्थानीय उद्योगी, व्यापारी, रोजगारदाता नीति निर्माणकर्ता नियामक निकाय लगायतलाई व्यापक रुपमा आर्थिक

शसक्तिकरण, व्यवासायिकरण तथा आर्थिक सचेतना र जागरणका क्रियाकलापहरु अभियानका रुपमा संचालन गर्नुपर्ने अवस्था रहेको छ ।

### २.२.३ कृषि तथा खाद्य सुरक्षा

ठाकुरबाबा नगरपालिकाको भूमी समथर तथा कृषिको लागि उर्वर भएको हुनाले यो नगरपालिका कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणमा जिल्लामा अग्रणी स्थानमा रहेको छ । यहाँ कृषिमा आधारित पर्यापर्यटनको पनि उत्तिकै सम्भावना रहेको छ । नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कृषि तथा पशुजन्य उत्पादनमा व्यवसायिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुद बनाई थप रोजगारी सिर्जना गर्ने सोचका साथ कृषि विकास कार्यक्रम संचालन गरिरहेको छ । यहाँ कृषिलाई यान्त्रीकरण गर्दै लैजाने उद्देश्यले मेसिन तथा औजारहरु वितरण कार्यक्रम, मुसुरोको विउ वितरण, बगर तरकारी खेति कार्यक्रम, तरकारी संकलन केन्द्र तथा ढुवानीका लागि पिक अप गाडीको व्यवस्था, धान , गहुँ, आलुको विउ वितरणमा अनुदान तथा प्राविधिक सहयोग, तरकारी खेती प्रर्वद्धन कार्यक्रम, कृषि यान्त्रिकीकरण कार्यक्रम अभियानमुखी मकै तथा तोरी उत्पादन कार्यक्रम, फलफूल उत्पादन, पशुपालन कृषकहरुलाई घाँसमा आधारित पशुपालन प्रर्वद्धनको लागि हिउँदे घाँस विउ वितरण, पशुसेवा कार्यक्रम तर्फ गोठ, खोर सुधार कार्यक्रमहरु, बाख्रा वितरण, भैंसी वितरण, माछाको भुरा, कुखुराको चल्ला तथा बंगुरका पाठा वितरण कार्यक्रमहरु संचालन भइरहेका छन् । कृषि क्षेत्र प्रर्वद्धन गर्नका लागि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै अझ बढी कृषि सम्बन्धी खोज तथा अनुसन्धानको आवश्यकता देखिन्छ । कृषि योग्य जमीनमा अनियन्त्रित बढ्दो बजारीकरणले खेति गर्नका लागि योग्य भूमी कम हुदै गईरहेको छ, जुन विषय एक महत्वपूर्ण चुनौतीको रुपमा समेत खडा भइरहेको छ ।

नगरपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा प्रशस्त खेतियोग्य र उर्वर भूमी रहेको छ । ठाकुरबाबा नगरपालिकामा विशेषगरी विजबृद्धि धान, मकै, गहुँ, खाद्यान्न उत्पादन, माछापालन, तरकारी खेती, मौरीपालन, तोरीखेती, व्यवसायिक रुपमा गरिदै आएको छ । ठाकुरबाबा नगरपालिका विशेषगरी मासु, अण्डा, दुध र तरकारी जस्ता कृषिजन्य उत्पादनमा आत्मनिर्भर रहेको छ । यो नगरपालिकाले प्राकृतिक स्रोतसाधन जैविक विविधता तथा पर्यटनको दृष्टीले सम्पन्न भएसँगै विविध सामाजिक तथा साँस्कृतिक विशेषताहरु पनि बोकेको पाइन्छ । जसले यस नगरपालिकालाई आर्थिक विकास र समृद्धिका लागि योगदान दिईरहेको छ । ठाकुरबाबा नगरपालिकाको पार्श्वचित्र २०७९, अनुसार यहाँ जम्मा भूभागको ४७.८० प्रतिशत जमिन खेतीयोग्य रहेको छ ।

### २.२.४ सिंचाई

यस नगरपालिकामा ४७.८० प्रतिशत कृषियोग्य जमिन रहेको छ । यहाँ धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै फलफूल वाली उत्पादनमा राम्रो सम्भावना रहेको छ । सिंचाई, कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

## २.२.५ पर्यटन तथा सँस्कृति

ठाकुरबाबा प्रकृतिप्रदत्त नदी, सीमसार क्षेत्र र तराई भू-भाग रहेको ऐतिहासिक, भौगोलिक, धार्मिक, सामाजिक, साँस्कृतिक स्थितिले पर्यटकीय सम्भावना बोकेको नगरपालिका हो । नगरपालिकाले विशेषत थारु समुदायको भेषभुषा लगायत साँस्कृतिक नाचहरुको संरक्षण सम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ । नगरपालिकाले थारु साँस्कृतिक कार्यक्रम संचालन, नगरस्तरिय साँस्कृतिक प्रतियोगिता कार्यक्रम संचालन गरी पर्यटन प्रर्वधन गर्दै आएको छ । यस नगरपालिकामा विगत लामो समयदेखि थारु, तामाङ, मगर जस्ता आदिवासिहरु बसोबास गर्दै आएका छन् । उनीहरुको पहिचान झल्किने आफ्नै मौलिक संस्कृति, भेषभुषा र चाडपर्वहरु रहेका छन् । यस नगरपालिकामा रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू निम्न अनुसार रहेका छन् ।

**तालिका नं. ३:** नगरपालिका भित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| १ | शिव मन्दिर | भुरी गाउँ |
| | श्री कृष्ण मन्दिर | भुरी गाउँ |
| | जगनाथ भरुवा मन्दिर | सिंहवाहनी |
| | मंगलाशैनी मन्दिर | भुरीगाउँ |
| | शिवालय मन्दिर | |
| | सिंहवहिनी मन्दिर | सिंहवाहनी |
| | महादेव मन्दिर | डुम्रेनी |
| | घृतक कौशल्या मन्दिर | भुरीगाउँ |
| | गणेश मन्दिर | भुरीगाउँ |
| २ | दुर्गा मन्दिर | रानीपुर |
| | शिव मन्दिर | प्रेनी |
| | चर्च | ओरहीघाट |
| ५ | गुप्तेश्वर मन्दिर | शाहीपुर |
| | जलेश्वर महादेव मन्दिर | सिस्वारा |
| | राधेश्याम मन्दिर | वगनाह |
| | वैजुरा मन्दिर | वगनाह |
| | शिवालय मन्दिर | शाहीपुर |
| ७ | शिव मन्दिर | भटकैया |
| ८ | शिव मन्दिर | मदेला |
| | कालिका मन्दिर | मदेला |
| | भुतुवाथान मन्दिर | मदनपुर |
| | कालिका मन्दिर | सुख्खड |

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| | बसन चर्च | |
| ९ | ठाकुरबाबा मन्दिर | ठाकुरद्धारा |
| | कृष्णा प्रणामी मन्दिर | |
| | टाइगर प्रतिमा | |
| | चितुवा प्रतिमा | |

## २.२.६ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

नगरपालिकामा हालसम्म साना तथा मझौला उद्योगहरू गरी जम्मा ३४ वटाउद्योग सञ्चालनमा रहेका छन जसमध्ये मुख्यतया पोल्ट्री फर्म तथा ह्याचरी फर्म, ग्रिल तथा ब्लक उद्योग, पाउरोटी उद्योग, मसला उद्योग, साबुन उद्योग आदि रहेका छन् । यसले नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याएको छ । यहाँका कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुलाई संकलन तथा बजारीकरण गर्नका लागि नगरपालिकाले तरकारी संकलन केन्द्रको निर्माण गरी तरकारी संकलन र ढुवानीको लागि पिक अप गाडीको व्यवस्था गरेको छ । जसले गर्दा स्थानिय उत्पादनको बजारीकरणमा सहयोग पुगेको पाउन सकिन्छ । यहाँका मूख्य बजारकेन्द्रहरुमा भुरिगाँउ बजार, बगनाहा बजार,बकुवा बजार, ठाकुरद्धारा बजार, शाहीपुर बजार लगायतका रहेका छन् ।

नगरपालिकाको नगरपार्श्वचित्र २०७९ को तथ्याङ्क अनुसार नगरपालिकामा विभिन्न प्रकृतिका गरि ८१० वटा उद्योग तथा व्यापार व्यवसायहरु संचालनमा रहेका छन् । जसमध्ये सबैभन्दा धेरै २१० वटा खाद्यान्न विक्रि सम्बन्धी व्यवसायहरु रहेका छन् । ग्रोसरी तथा प्रोभिजन पसल १०५ वटा, होटल, लज, होम स्टे तथा रेष्टुरेन्ट ६५ वटा संचालनमा रहेका छन् ।

## २.२.७ आम्दानी, रोजगारी र वित्तीय सेवा

ठाकुरबाबा नगरपालिकाको मूख्य आम्दानीको श्रोत कृषि र मजदुरी रहेको छ । नगरपार्श्वचित्र २०७९को तथ्याङ्क अनुसार जम्मा घरधुरी मध्ये ६० प्रतिशत घरधुरीको आम्दानिको मुख्य श्रोत कृषि पेशा रहेको छ । यसै गरी २७ प्रतिशत घरधुरीको मजदुरी, १३.८२ प्रतिशतको बैदेशिक रोजगार, ७ प्रतिशतको व्यापार, ९ प्रतिशतको सरकारी जागिर र ७ प्रतिशतको गैरसरकारी संस्थाहरु मुख्य आम्दानिका श्रोतको रुपमा रहेका छन । कृषि क्षेत्रमा बर्दिया जिल्लाको केन्द्रको रुपमा रहेको र हरेक दृष्टिकोणले सम्भावना बोकेको नगरपालिका भएकोले जिल्ला लगायत प्रदेशको समेत यस क्षेत्रमा ध्यानाकर्षण भएको हुँदा यहाँ विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने, रोजगारि सिर्जना गर्न र आम्दानीका अवसरहरु सिर्जना गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

### (अ) बैङ्क तथा वित्तीय क्षेत्र

भौगोलिक रुपमा सुगम भएका कारण आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था राम्रो छ । शिक्षा, स्वास्थ्य, गरिबी निवारण लगायतका सूचकहरु पनि देशका अन्य स्थानीय तहको तुलनामा मजबुत देखिन्छ । ठाकुरबाबा नगरपालिकामा विभिन्न आर्थिक र वित्तिय कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत हुने

गरेको छ । आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैङ्कबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच सहज रुपमा पुगेको छ । यहाँ नेपालका एन.आइ.सी एसिया बैङ्क, कृषि बिकास बैङ्क, सानिमा बिकास बैङ्क, राष्ट्रिय सहकारी बिकास बैङ्क, कुमारी बैङ्क, गरिमा बिकास बैङ्क, ग्लोबल आइ.एम.इ बैङ्क, साग्रीला बिकास बैङ्क, साइन रेसुङ्गा बिकास बैङ्क, कर्णाली बिकास बैङ्क लगायतका बैङ्कहरुका शाखाहरुले बैकिङ्ग सेवा प्रवाह गरिरहेका छन् ।

### (आ) सहकारी

राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । ठाकुरबाबा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिका भित्र १२ वटा बचत तथा ऋण सहकारी, ४ वटा बहुउद्देश्यिय सहकारी, ७ वटा कृषि सहकारी गरी जम्मा २१ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । नगरपालिकाले सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधि, २०७५ जारी गरी कार्यान्वयन गरेको छ ।

## २.२.८ श्रम, रोजगारी र सामाजिक सुरक्षा

श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन् । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांस हो । नगरपालिकाबाट प्रकाशित हिजो र आज, २०७८ नामक दस्तावेज अनुसार नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ४० वटा आयोजनाहरु सम्पन्न भएको र त्यसबाट १६४१ जनाले रोजगारी प्राप्त गरेको तथ्याङ्क रहेको छ । यसै गरि आ ब. २०७८/०७९ मा पनि २६२ जनालाई रोजगारी प्रदान गर्ने लक्ष्य राखिएको थियो जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ बोकेको यस नगरपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।

# खण्ड ३ आर्थिक विकास रणनीतिक योजना

## ३.१. दीर्घकालीन आर्थिक सोच, लक्ष्य र उद्देश्यहरु

| | |
|---|---|
| **दीर्घकालिन सोच** | "आर्थिक समुन्नती: सम्वृद्धि, सुख र शान्ति " |

| | |
|---|---|
| **लक्ष्य** | "स्थानीय श्रोत र साधनको महत्तम सदुपयोग मार्फत् दिगो आर्थिक सम्बृद्धि हासिल गर्ने" |

**उद्देश्यहरु**

१) आर्थिक पूर्वाधार निर्माण मार्फत आर्थिक विकासको आधारशिला तयार पार्नु ।

२) स्थानीय औद्योगिक विकास, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्नु ।

३) आर्थिक नीतिहरुको अक्षरंश पालना गरी व्यवसायिक विकास मार्फत आर्थिक सशक्तिकरण हासिल गर्नु ।

४) जलवायूमैत्री प्रविधी र जलवायू अनुकूलन योजनालाई आर्थिक विकास योजनाको अभिन्न अंगको रुपमा विकास गर्नु ।

५) कृषि तथा पशुपन्छी क्षेत्रको विकास गर्नु ।

६) खेतीयोग्य जमिनमा सिंचाइको प्रबन्ध गर्नु

७) पर्यटन, संस्कृति र सम्पदाको विकास मार्फत आर्थिक सम्बृद्धि हासिल गर्नु ।

८) श्रम, रोजगारी र सामाजिक सुरक्षालाई आर्थिक विकासमा आवद्ध गरी मानवश्रोतको विकास र सुरक्षा सुनिश्चित गर्दै उच्चतम प्रयोग गर्नु ।

यी मूलभूत उद्देश्यहरु हासिल गर्न आर्थिक क्षेत्रका उपक्षेत्रगत उद्देश्य र तिनका रणनीति, कार्यनीति र कार्यक्रमहरुमार्फत योजनालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । आर्थिक क्षेत्रका उपक्षेत्रगत योजनाहरु देहाय बमोजिम रहेका छन् ।

## ३.२ योजनाका प्रमुख संवाहकहरु

### ३.२.१ आर्थिक पूर्वाधार विकास

आर्थिक विकासको प्रमुख अपरिहार्य आधारशिलाको रुपमा रहेका आर्थिक पूर्वाधारको विकास विना आर्थिक विकासको परिकल्पना गर्न सकिदैन । तसर्थ नगरपालिकाको आर्थिक सम्बृद्धिको मार्ग प्रशस्त गर्न अनिवार्य रुपमा आर्थिक पूर्वाधारहरुको विकासलाई प्राथमिकता प्रदान गर्न आवश्यक छ । सामान्यतया परम्परागत रुपमा विद्यमान सडक, विद्युत, हाट बजार तथा निर्माण सामाग्री लगायतका पूर्वाधारहरुको अवस्था सामान्य भएपनि नगरपालिकामा आर्थिक पूर्वाधार विकासलाई लक्षित नै गरेर तयार भएका ठूला पूर्वाधारहरुको अवस्था भने सन्तोषजनक छैन ।

## प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु

योजनाबद्ध रुपमा तय गरिएका आर्थिका पूर्वाधारहरुको विद्यमान अवस्था सन्तोषजनक नभएको । ठूलोस्तरको लगानीको आवश्यकता रहेको । स्थानीय श्रोत र साधनहरुको उच्चतम प्रयोग गर्न नसकिएको ।

## सम्भावना, अवसर तथा सबल पक्षहरु

सामान्यता सडक, विद्युत, ग्रामीण प्रकृतिका बजार केन्द्रहरु विद्यमान रहेको । ठूलो उपभोक्ता बजारसम्म पहुँच रहेको । भौगोलिक सुगमता रहेको, ठूला राजमार्ग प्रणालीमा जोडिएको । स्थानीय श्रोत र साधनको उपलब्धता रहेको ।

## उद्देश्य

१. आर्थिक सम्बृद्धिको आधारको रुपमा रहेको सम्पूर्ण आर्थिक पूर्वाधारहरुको क्रमशः विकास गर्नु

| रणनीति | |
|---|---|
| १.१ | आर्थिक विकाससँग सम्बन्धित विशिष्टीकृत क्षेत्रहरूको विकास गर्ने |
| **कार्यनीति** | |
| १.१.१ | नगरपालिकामा भविष्य विकास हुन सक्ने औद्योगिक करिडोरको सम्भाव्यता अध्ययन गरिनेछ । |
| १.१.२ | सम्भाव्यता अध्ययन पश्चात औद्योगिक करिडोरको नक्साङ्कन र घोषणा गरिनेछ । |
| १.१.३ | नगरपालिका औद्योगिक ग्रामस्थापना गरिनेछ । |
| १.१.४ | स्थानीय हाट बजारहरुको स्तरोन्नती गरी पूर्वाधार सम्पन्न तुल्याइनेछ । |
| १.१.५ | आर्थिक क्षेत्रका रुपमा भविष्यमा विकास हुनसक्ने बजार केन्द्रको पूर्वाधार विकासको लागि विशेष योजना निर्माण गरिनेछ । |
| १.१.६ | सामुदायिक तथा सहकारीस्तरमा संचालन गर्ने गरी सम्भाव्य बजार केन्द्रमा स्थानीय उत्पादनहरुको विक्री कक्षहरु स्थापना गरिनेछ । |
| १.१.७ | नगरपालिकाको समेत लगानीमा सम्भाव्य बजार केन्द्र लक्षित व्यापारिक स्टल तथा व्यापारिक केन्द्रहरुको निर्माण गरिनेछ । |
| १.१.८ | सम्भाव्यता हेरी सघन शहरी क्षेत्रहरु लक्षित व्यवसायिक जोनहरु जस्तै कृषि उपज बिक्री तथा संकलन केन्द्र, अटोमोबाइल Village, IT Park, Electric and Electronic Zone आदिको स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| १.१.९ | उत्पादन विशिष्टिकृत औद्योगिक जोनको सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | |
|---|---|
| १.२ | औद्योगिक, व्यापारिक र कृषि पूर्वाधारहेको सम्भाव्यता अध्ययन विकास तथा निर्माण गर्ने |
| **कार्यनीति** | |
| **१.२.१** | सामुदायिक गोदामघरको स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |

| | |
|---|---|
| **१.२.२** | सामुदायिक शित भण्डार निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| **१.२.३** | आधुनिक कृषि तथा औद्योगिक यन्त्र तथा उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न Custom Hiring Center स्थापना तथा अन्य सामाग्रीहरुका लागि नीजि क्षेत्रको सहयोगलाई स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| **१.२.४** | विशिष्टिकृत उत्पादनलाई प्याकेजिङ labeling, ब्रान्डीङ तथा बजारीकरण गर्न यन्त्र उपकरण आदिको प्रबन्ध गर्न नीजि क्षेत्रसँग समन्वय र अन्तक्रिया गरिनेछ । |
| **१.२.५** | खेतीयोग्य जमिनमा तथा जोन सुपरजोन लगायत मुख्य बजार र औद्योगिक क्षेत्रलाई समेट्ने प्रमुख मार्गहरुलाई रणनैतिक मार्गको रुपमा विकास गरी तीब्र स्तरोन्नती गरिनेछ । |
| **१.२.६** | आधुनिक हलो, कुटो कोदालो लगायत नविन कृषियन्त्र उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । |

## आर्थिक पूर्वाधार विकास सम्बन्धि कार्यक्रमहरु

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| **आर्थिक पूर्वाधार विकास** | | | | | | | | | |
| **१.** | १.१ | १.१.१ | औद्योगिक करिडोरको सम्भाव्यता अध्ययन | | ५०० | | | | न.पा., संघ, प्रदेश |
| | | १.१.२ | औद्योगिक करिडोरको नक्साङ्कन र घोषणा | | | | | | न.पा. |
| | | १.१.३ | नगरपालिका औद्योगिक ग्राम स्थापना | | | | | | न.पा., संघ, प्रदेश |
| | | १.१.४ | स्थानीय हाट बजारको स्तरोन्नती | | | १००० | ५०० | | न.पा. |
| | | १.१.५ | बजार केन्द्र पूर्वाधार विशेष योजना निर्माण | | | | | | न.पा. |
| | | १.१.६ | सम्भाव्य बजार केन्द्रमा स्थानीय उत्पादन विक्री कक्ष स्थापना | | ५०० | | | | न.पा. |
| | | १.१.७ | बजार केन्द्र लक्षित व्यापारिक स्टल तथा व्यापारिक केन्द्र निर्माण | ५०० | | | | | न.पा. |
| | | १.१.८ | सघन शहरी क्षेत्र लक्षित व्यवसायिक जोनको सम्भाव्यता अध्ययन | | | | | ५०० | न.पा. |
| | | १.१.९ | उत्पादन विशिष्टिकृत औद्योगिक जोनको सम्भाव्यता अध्ययन | | | | ५०० | | न.पा. |
| | १.२ | १.२.१ | सामुदायिक गोदामघरको स्थापनाका लागि सम्भाव्यता अध्ययन | | | | | | न.पा. |
| | | १.२.२ | सामुदायिक शित भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन | | | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.२.३ | Custom Hiring Center स्थापना | | | | | | न.पा. |
| | | १.२.४ | विशिष्टिकृत उत्पादनको बजारीकरणका लागि नीजि क्षेत्रसँग समन्वय | | | | | | न.पा. |
| | | १.२.५ | मुख्य बजार र औद्योगिक क्षेत्रलाई समेट्ने प्रमुख मार्गहरुको स्तरोन्नती | | | | | | न.पा. |
| | | १.२.६ | नविन कृषियन्त्र उत्पादनका लागि निजी क्षेत्रलाई प्रोत्साहन | | | | | | न.पा. |

### ३.२.२ आर्थिक शसक्तिरण, व्यवसायिकरण तथा आर्थिक सचेतना

राष्ट्रिय स्तरमा व्यापक रुपमा आधुनिक औद्योगिकिकरण तथा तीव्र आर्थिक विकासको चरणमा प्रवेश गरिनसकेको अवस्थामा राष्ट्रियस्तरमा नै आर्थिक शसक्तिकरण व्यवसायिकरण तथा आर्थिक सचेतना कमजोर भएको हुँदा यस नगरपालिकामा समेत यसको अवस्था कमजोर रहेकोले सरोकारवालाहरुलाई; विशेष गरी स्थानीय उद्योगी, व्यापारी, रोजगारदाता नीति निर्माणकर्ता नियामक निकाय लगायतलाई व्यापक रुपमा आर्थिक शसक्तिकरण, व्यवासायिकरण तथा आर्थिक सचेतना र जागरणका क्रियाकलापहरु अभियानका रुपमा संचालन गर्नुपर्ने अवस्था रहेको छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

आर्थिक सचेतना तथा व्यवसायिक सोचको अवस्था सन्तोषजनक नरहेको । आर्थिक क्रान्ति नै गर्नुपर्ने चुनौती रहेको । स्थानीय पूँजी र बजारको अवस्था कमजोर रहेको ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

स्थानीय खेतीयोग्य जमिनको पर्याप्त उपलब्धता रहेको । भौगोलिक सुगमता र जलश्रोतको उपलब्धता रहेको । स्थानीय सरकारलाई आर्थिक विकास योजना र नीतिहरु निर्माण गर्ने अधिकार प्रत्यायोजन भएको । जनसांख्यिक लाभांश भएको ।

**उद्देश्य**

१. आर्थिक सशक्तिकरण, व्यवसायिकरण तथा आर्थिक सचेतना अभिवृद्धि गर्न व्यापक सचेतनामूलक कक्षाहरु अभियानको रुपमा सञ्चालन गर्नु ।

| रणनीति | |
|---|---|
| १.१ | विभिन्न तालिम, अर्न्तक्रिया, साक्षातकार तथा सचेतना कक्षाहरु सञ्चालन गरी सरोकारवालाहरुलाई सुसुचित गर्ने |

| कार्यनीति | |
|---|---|
| **१.१.१** | कार्यपालिका लगायत सम्बन्धित सरोकारवाला पदाधिकारीहरुलाई वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.१.२** | व्यक्ति लगायत, टोल समुदाय वडा र नगरपालिकाका आर्थिक क्षेत्रका विविध पक्षहरुलाई समेटेर SWOT विश्लेषण गर्न सक्षम तुल्याइने छ । |
| **१.१.३** | आर्थिक श्रोतहरुको नक्साङ्कन गर्ने विधिहरूबारे प्रशिक्षण सञ्चालन गरिनेछ । |
| **१.१.४** | स्थानीय आर्थिक अवस्थाको पहिचान, आर्थिक सेवा सुविधा माथि जनताको पहुँचको विश्लेषण गरी आर्थिक सम्पन्नता स्तरीकरण गर्ने तरिका बारे ज्ञान सम्प्रेषण गरिनेछ । |
| **१.१.५** | कर्जा सेवा केन्द्र स्थापना गरी बैङ्किङ प्रणाली र ऋण प्राप्त गर्ने साथै परिचालन गर्ने ज्ञान सम्प्रेषण गरिनेछ । |
| **१.१.६** | सीप नक्साङ्कन सम्बन्धी विधिहरूबारे प्रशिक्षण प्रदान गरिनेछ । |
| **१.१.७** | रोजगार केन्द्रलाई चलायमान तुल्याई श्रमशक्तिको नक्साङ्कन तथा सदुपयोग गर्न विशेष अध्ययन र असल अभ्यासहरुको अनुसरण गरिनेछ । |

| कार्यनीति | |
|---|---|
| १.१.८ | व्यवसायिक सफलताका कथाहरु बाँड्न नियमित सफल उद्यमी साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.१.९ | उद्योग व्यवसाय दर्ता प्रक्रियालाई सरल तुल्याई एकल बिन्दु सेवा केन्द्रको प्रबन्ध गरिनेछ । साथै सरोकारवालालाई यस सम्बन्धी सरल तरिकाले ज्ञान सम्प्रेषण गर्न सेवा केन्द्र तथा सोधपुछ कक्ष स्थापना गरिनेछ । |
| १.१.१० | आर्थिक जोखिम विश्लेषण सम्बन्धी ज्ञान (Cost Befifit Analysis) र सम्प्रेषण गरिनेछ । |
| १.१.११ | प्रतिस्पर्धी लाभका क्षेत्रहरु पहिचान गर्न सक्ने गरी सरोकारवालाहरुलाई प्रशिक्षित गरिनेछ । |
| १.१.१२ | उच्च मूल्यका उत्पादनहरु ब्रान्डीङ सम्बन्धी ज्ञान सम्प्रेषण गरिनेछ । |
| १.१.१३ | उपभोक्ता बजारहरुको मागको अध्ययन सम्बन्धी ज्ञान सम्प्रेषण गरिनेछ । |
| १.१.१४ | निर्यातजन्य वस्तुको प्रवर्द्धन तथा गुणस्तर कायम गर्ने सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ । |
| १.१.१५ | Start-up लाई अभियानका रुपमा सञ्चालन गर्न र युवा व्यवसायीहरुलाई समेट्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

## आर्थिक शसक्तिरण, व्यवसायिकरण तथा आर्थिक सचेतना

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| **आर्थिक शसक्तिरण, व्यवसायिकरण तथा आर्थिक सचेतना** | | | | | | | | | |
| **१.** | १.१ | १.१.१ | वित्तीय साक्षरता कार्यक्रम | | | | | | न.पा. |
| | | १.१.२ | SWOT विश्लेषण | | | | | | न.पा. |
| | | १.१.३ | आर्थिक श्रोतहरुको नक्साङ्कन विधिबारे प्रशिक्षण | | | | | | न.पा. |
| | | १.१.४ | आर्थिक सम्पन्नता स्तरीकरण | | | | | | न.पा. |
| | | १.१.५ | कर्जा सेवा केन्द्र स्थापना | | | | | | न.पा. |
| | | १.१.६ | सीप नक्साङ्कन सम्बन्धी प्रशिक्षण | | | | | | न.पा. |
| | | १.१.७ | श्रमशक्तिको नक्साङ्कन तथा सदुपयोग गर्न विशेष अध्ययन | | | | | | न.पा. |
| | | १.१.८ | नियमित सफल उद्यमी साक्षात्कार कार्यक्रम | | | | | | न.पा. |
| | | १.१.९ | सोधपुछ कक्ष निर्माण | | | | | | न.पा. |
| | | १.१.१० | आर्थिक जोखिम विश्लेषण सम्बन्धी ज्ञान सम्प्रेषण | | | | | | न.पा. |
| | | १.१.११ | सरोकारवालाहरुलाई प्रशिक्षण | | | | | | न.पा. |
| | | १.१.१२ | उच्च मूल्यका उत्पादन ब्रान्डीङ सम्बन्धी ज्ञान सम्प्रेषण | | | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.१.१३ | उपभोक्ता बजारको माग अध्ययन सम्बन्धी ज्ञान सम्प्रेषण | | | | | | न.पा. |
| | | १.१.१४ | निर्यातजन्य वस्तुको प्रवर्द्धन तथा गुणस्तर सम्बन्धी तालिम | | | | | | न.पा. |
| | | १.१.१५ | युवा व्यवसायी विशेष कार्यक्रम सञ्चालन | | | | | | न.पा. |

### ३.२.३ कृषि तथा पशुपन्छी

#### (अ) कृषि

तराईको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यस पालिकाका ९ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । समुद्र सहहबाट १४४ मिटर देखि २१४ मिटरको उचाइमा रहेको यो नगरपालिकाको ४७.८० प्रतिशत भू भाग कृषि क्षेत्रले ओगटेको छ । यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, गहुँ, मकै हुन् भने फलफूल बालीहरू केरा, आँप, भूइँकटहर, अम्बा, लिची आदि हुन् । त्यसैगरी दलहन बालीहरू मसुरो, मास, रहरी आदि, तेलहन बालीहरू तोरी, तिल, सूर्यमुखी, आलस आदि, मसला बालीहरु खुर्सानी, अदुवा, लसुन, प्याज, धनिया, बेसार, कागती, मेवा लगायत उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । हाल खेतीपाती भैरहेको क्षेत्र अत्यन्त मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकोले पालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

ठुलो संख्यामा नगरपालिकाबासीहरू कृषि पेशामा संलग्न भएर खाद्यान्नमा आत्मनिर्भर हुने अवस्था हुँदा पनि भारतबाट खाद्यान्न आयात गरिएको । नीतिगतरुपमा कृषि अनुदान कार्यक्रमहरु संचालन हुने भएता पनि  वास्तविक कृषकहरुको पहुँचमा सो कार्यक्रम नहुनु, आवश्यकता अनुसार पशु तथा कृषिको घुम्ती शिविर संचालन गर्न नसकिएको, कृषकहरु परम्परागत कृषि प्रणालीमा आधारित भइ खेतिपाती गर्ने, मध्यवर्ती क्षेत्रमा जंगली जनावरको कारण बालीनाली जोगाउन समस्या हुने  ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

नगरपालिकाका धेरै संख्यामा घरपरिवारहरु कृषिमा संलग्न भएको हुँदा कृषि उत्पादनको लागि आवश्यक जनशक्ति उपलब्ध रहेको, नगरपालिका बीउ धान उत्पादनमा आत्मनिर्भर रहेको र नगरपालिकाले धान, गहुँ, मुसुरो र तोरीको बीउ थप उत्पादन बढाउनका लागि आवश्यक आर्थिक सहयोग गर्ने नीति अगाडीहरु सारेको, नगरपालिका अन्तर्गत विभिन्न स्थानहरूमा कृषि फर्महरू, कृषि उपज सङ्कलन केन्द्र सञ्चालनमा रहेका ।

**उद्देश्य १**

व्यावसायिक र उच्च प्रतिफल मुखी उत्पादनमा केन्द्रित हुनु ।

| रणनीति | |
|---|---|
| १.१ | व्यावसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने । |
| **कार्यनीति** | |
| **१.१.१** | नगरपालिकाभर कृषक परिचय पत्र वितरण गर्न कृषकहरूको वर्गीकरण गर्ने नीति निर्माण गरिने छ । |

| कार्यनीति | |
|---|---|
| **१.१.२** | अगुवा कृषकहरूको पहिचान तथा कृषि सम्वन्धी विवरण संकलन लागि आधारभूत सर्वेक्षण गरिने छ । |
| **१.१.३** | वर्षमा कम्तीमा एकपटक कृषिको व्यवसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिने छ । |
| **१.१.४** | वडास्तरीय कृषक पाठशाला सञ्चालन गरिने छ । |
| **१.१.५** | नगरपालिका स्तरीय कृषक सञ्जाल निर्माण गरिनेछ । |
| **१.१.६** | कृषि उपज विशेष कृषक समूह गठन गरी कृषि सहकारीसँग आबद्ध गरिनेछ । |
| **१.१.७** | किसानहरुले उत्पादन गरेको उपजको उचित मूल्य दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ । |
| **१.१.८** | कृषिमा आत्मनिर्भर भन्ने अभियानलाई अगाडी बढाइनेछ । |

| रणनीति | |
|---|---|
| १.२ | उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने । |
| **कार्यनीति** | |
| **१.२.१** | असिंचित क्षेत्रलाई क्रमश सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकिकरण गरिने छ । |
| **१.२.२** | प्रत्येक वडामा उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरी सघन खेतीका लागि मिश्रित बाली पहिचान गरिने छ । |
| **१.२.३** | प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिने छ । |
| **१.२.४** | प्रत्येक वडामा रहेका बगर तथा बाँझो क्षेत्रको पुर्नउत्थानका लागि सर्वेक्षण गरिनेछ । |
| **१.२.५** | जग्गाको वर्गीकरण गरि कृषि योग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्रयाक्ट फार्मीङ्गका लागि समन्वय गरिनेछ । |

| रणनीति | |
|---|---|
| १.३ | कृषि पकेट क्षेत्रको विकास गर्ने । |
| **कार्यनीति** | |
| **१.३.१** | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र, सुपरजोन, जोन निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ । |
| **१.३.२** | फलफुल, पुष्प तथा नगदेबाली विशेष नर्सरी स्थापना गरिनेछ । |
| **१.३.३** | बाली विशेष पकेट क्षेत्रलाई केन्द्रित गरी गुणस्तरीय र उन्नत बीउ विजनका लागि स्रोत केन्द्र स्थापना गरिने छ । |
| **१.३.४** | व्यावसायिक फलफूल तथा नगदेबालीले ओगटेको क्षेत्रफल क्रमश: विस्तार गरिनेछ । |
| **१.३.५** | व्यावसायिक च्याउ खेतीमा अनुदान दिइनेछ । |

| रणनीति | |
|---|---|
| १.४ | अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने । |
| **कार्यनीति** | |
| **१.४.१** | आवश्यक रासायनिक मलको आयतन आंकलन गरी समयमै आपूर्ति गर्न नगरपालिकास्तरीय संयन्त्र निर्माण गरिने छ । |
| **१.४.२** | प्रत्येक वडामा प्राङ्गारिक तथा हरित मल उत्पादनसम्बन्धी तालिमको आयोजना गरिने छ । |
| **१.४.३** | व्यावसायिक प्राङ्गारिक मल उत्पादन गर्ने कृषकलाई विशेष अनुदानको प्रबन्ध गरिनेछ । |
| **१.४.४** | वडास्तरमा उत्पादन हुने बाली विशेषका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा सामाग्री केन्द्रको विकास गरिने छ । |
| **१.४.५** | कृषि यान्त्रिकीकरण अन्तर्गत किसानले खरिद गर्ने औजार (जस्तैः च्यापकटर, ब्रसकटर, मिल्कएनलाइजर, स्प्रे आदि) मा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ । |
| **१.४.६** | साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमश यान्त्रिकीकरण गर्न एक नगरपालिकास्तरीय Custom Hiring Center को निर्माण गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिने छ । |
| **१.४.७** | बजारको पहुँच नभएको क्षेत्रहरुको कृषि उपजलाई बजारसम्म पुऱ्याउन ढुवानीको व्यवस्था गरिनेछ । |
| **१.४.८** | कृषि विज्ञ सहितको कृषि एम्बुलेन्स संचालन गरिनेछ । |
| **१.४.९** | एक वडा एक कृषि उपज संकलनको स्थापना गरिनेछ । |

| रणनीति | |
|---|---|
| १.५ | खाद्यान्न तथा मल भण्डारण तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने । |
| **कार्यनीति** | |
| **१.५.१** | मलको प्रयोग र अनुपात समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिने छ । |
| **१.५.२** | मल, विउ विजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न नगरपालिका स्तरीय Call center को स्थापना गरिने छ । |
| **१.५.३** | वडास्तरीय कृषक पाठशालामा मल, विउविजन र विषादी प्रयोग सम्बन्धी सामाग्रीको विकास र सम्प्रेषण गरिने छ । |
| **१.५.४** | वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिने छ । |
| **१.५.५** | जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिने छ । |
| **१.५.६** | बेमौसमी तरकारी खेती विशेष तालिम सञ्चालन गरिनेछ । |
| **१.५.७** | लागत साझेदारीमा व्यावसायिक तरकारी खेतीमा प्लास्टिक टनेल सहयोग गरिनेछ । |
| **१.५.८** | कृषकहरुलाई प्राविधिक ज्ञान सम्प्रेषण गर्न कृषि घुम्ती सेवा सञ्चालन गरिनेछ । |

| कार्यनीति | |
|---|---|
| **१.५.९** | बाली भित्र्याइसकेपछि हुने क्षती न्यूनीकरण गर्न कृषि उपज भण्डारण सम्बन्धी विशेष तालिम तथा परम्परागत सीप हस्तान्तरण गरिनेछ । |
| **१.५.१०** | खाद्य भण्डारण डिपोहरुको स्थापना गरिनेछ । |
| **१.५.११** | विषादी प्रयोग न्यूनिकरणका लागि विषादि परिक्षण प्रयोगशाला निर्माण गरिनेछ । |
| **१.५.१२** | अर्गानिक मल उत्पादन गर्ने तथा अर्गानिक खेती गर्ने किसानलाई बिशेष प्रोत्साहन गरिनेछ । |

| रणनीति | |
|---|---|
| १.६ | सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गर्ने । |
| **कार्यनीति** | |
| **१.६.१** | सङ्घीय र प्रदेश सरकार तथा नगरपालिकाको सहजीकरण तथा समन्वयमा व्यावसायिक योजना अनुरुप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिनेछ । |
| **१.६.२** | सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न कृषि सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.६.३** | वैदेशिक रोजगारीमा कृषि पेशामा संलग्न भई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको व्याजमा अनुदान दिने व्यवस्था मिलाइनेछ । |

| रणनीति | |
|---|---|
| १.७ | कृषि बीमालाई प्रभावकारी बनाउने । |
| **कार्यनीति** | |
| **१.७.१** | नगरपालिकाको समन्वय र सहजिकरणमा कृषि बीमालाई अनिवार्य बनाई बीमा प्रदायक कम्पनीहरूसंगको सहकार्यमा कृषक मैत्री बनाइनेछ । |
| **१.७.२** | कृषकहरूलाई कृषि बीमाको आवश्यकता र महत्वका विषयमा सूसुचित गर्न बीमा कम्पनीहरूको सहयोगमा नियमित अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । |
| **१.७.३** | न्यून आय भएका साना किसानहरूलाई निश्चित मापदण्डका आधारमा कृषि बीमामा सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ । |

### उद्देश्य २

नमूना कृषि क्षेत्रको रुपमा विकास गर्नु ।

| रणनीति | |
|---|---|
| २.१ | असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने । |

| कार्यनीति | |
|---|---|
| **२.१.१** | कृषि शाखाको समन्वयमा नगरपालिकाका अगुवा र आकांक्षी कृषकहरूलाई देश तथा विदेशमा सघन कृषि क्षेत्र वा कृषि ग्रामको रुपमा विकास भैरहेका क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराइने छ । |
| **२.१.२** | अवलोकनबाट प्राप्त अनुभवहरूलाई नगरपालिकाका अन्य कृषकहरूलाई सम्प्रेषण गर्न वर्षमा कम्तीमा १ पटक नगरपालिका स्तरीय कृषक अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |
| **२.१.३** | बार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रर्वद्धन गरिने छ । |

| रणनीति | |
|---|---|
| २.२ | सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने । |
| **कार्यनीति** | |
| **२.२.१** | उर्वर र खेतीयोग्य क्षेत्रलाई वर्गीकरण गरी क्रमश सघन खेतीक्षेत्र घोषणा गरिने छ । |
| **२.२.२** | सघन खेती क्षेत्रहरूलाई निश्चित मापदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय भू-उपयोग नीति अनुरुप खेतीपाती बाहेक अन्य कृयाकलापमा प्रयोग गर्न निरुत्साहन गर्ने नीति कार्यान्वयन गरिने छ । |

| रणनीति | |
|---|---|
| २.३ | कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने । |
| **कार्यनीति** | |
| **२.३.१** | नगरपालिका भित्रका प्रमुख कृषि सडकहरूको पहिचान गरिने छ । |
| **२.३.२** | प्राथमिकताका आधारमा सघन क्षेत्रका कृषि सडकहरूको स्तरोन्नति गरिने छ । |
| **२.३.३** | प्रत्येक वडामा सघन खेती क्षेत्रलाई उपयुक्त हुने स्थानमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिने छ । |
| **२.३.४** | नगरपालिका भित्र आवश्यकताका आधारमा चिस्यान केन्द्रको स्थापना गरिने छ । |
| **२.३.५** | नगरपालिकामा उच्च उत्पादन संम्भावना रहेका बाली जस्तै धान, मकै तथा गहुँको बीज बैङ्क स्थापना गरिनेछ |
| **२.३.६** | नगरपालिका स्तरीय सामुदायिक कृषि सेवा श्रोत तथा सूचना केन्द्र स्थापना गरिनेछ । |
| **२.३.७** | आवश्यकताका आधारमा दुध चिस्यान केन्द्रहरु स्थापना गर्न अनुदानको व्यवस्था गरिनेछ । |
| **२.३.८** | माटोमा राख्ने चुना अनुदानमा वितरण गरिनेछ । |

## उद्देश्य ३

वातावरणमैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।

| रणनीति | |
|---|---|
| ३.१ | वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने । |
| **कार्यनीति** | |
| **३.१.१** | दिगो कृषिको सैद्धान्तिक र व्यवहारिक पक्षका विषयमा विज्ञहरूद्वारा सम्प्रेषित ज्ञान अगुवा कृषकको अगुवाइमा अन्य कृषकलाई सम्प्रेषण गर्न वर्षमा १ पटक अन्तरक्रिया सञ्चालन गरिने छ । |
| **३.१.२** | रैथाने प्रजातिका बाली संरक्षणमा विशेष अनुदान प्रदान गरिनेछ । |
| **३.१.३** | जलवायू अनुकूलन विशेष बालीनाली प्रवर्द्धन गरिनेछ । |
| **३.१.४** | सामुदायिक बीज बैङ्क स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | |
|---|---|
| ३.२ | नगरपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने । |
| **कार्यनीति** | |
| **३.२.१** | वडास्तरमा जलवायू र माटो अनुकूल उत्पादन हुने प्रमुख वालीका आधारमा जोन र सुपरजोनको पहिचान र घोषणा गरिने छ । |
| **३.२.२** | जोन र सुपरजोन स्तरीय उत्पादित प्रमुख उत्पादनको वार्षिक तथ्याङ्क प्राप्त गर्न स्वचालित तथ्याङ्क प्रणालीको निर्माण गरिने छ । |
| **३.२.३** | कृषि उपज बजारीकरण तथा निर्यात प्रबर्द्धन गर्न अनुदानको व्यवस्था गरिनेछ । |
| **३.२.४** | कृषि उपजहरुलाई सन्तुलित मूल्य श्रृंखलामा समेटिने छ । |

| रणनीति | |
|---|---|
| ३.३ | निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा “एक वडा एक कृषि” मा आधारित उद्योगको निर्माण गर्ने । |
| **कार्यनीति** | |
| **३.३.१** | बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थका आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिने छ । |
| **३.३.२** | पहिलो चरणमा “एक वडा एक कृषि” उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिने छ । |

| रणनीति | |
|---|---|
| ३.४ | स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने । |

| कार्यनीति | |
|---|---|
| **३.४.१** | कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ । |
| **३.४.२** | स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ । |
| **३.४.३** | जैविक प्रविधिको अधिकतम प्रयोग गर्न गुणस्तरीय उत्पादन गर्न र कृषकहरूलाई नियमित तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| **३.४.४** | मेड इन ठाकुरबाबाको ब्राण्डीङका लागि प्रोत्साहन गरिनेछ । |

| रणनीति | |
|---|---|
| ३.५ | कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने । |
| **कार्यनीति** | |
| **३.५.१** | मौरीपालक कृषकको विवरण संकलन गरिने छ । |
| **३.५.२** | मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिने छ । |
| **३.५.३** | व्यावसायिक मौरीपालक कृषकलाई घारमा अनुदान प्रदान गरिने छ । |
| **३.५.४** | उत्पादित महलाई प्रशोधन र लेवलिङ् तथा प्याकेजिङ्ग गरिने छ । |

### (आ) जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यस नगरपालिकामा झाडी बुट्यान सहितको वनजंगल क्षेत्रले कूल भूभागको करिब ३८.६९ प्रतिशत भूभाग ओगटेका कारण विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । नगरपालिकामा विशेषगरी गुर्जो, बोजो, हर्रो, बर्रो, अमला, गुजरगानो, निम, तितेपाती, तुलसी, लेमन ग्रास, चाबुक, पिपला, सर्पगन्धा, असुरो, पानिअमला, सालधुप, कुरीलो, कुकुर दाईने, नागवेली, भलायो आदि जस्ता जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरूको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरूको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रर्वद्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत टेवा पुऱ्याउन सकिन्छ ।

**उद्देश्य ४**

व्यावसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु

| रणनीति | |
|---|---|
| ४.१ | नगरपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने । |
| **कार्यनीति** | |
| **४.१.१** | विज्ञको सहयोगमा नगरपालिकाभर पाइने जडीबुटीहरूको पहिचान गरी विवरण संकलन गरिने छ । |

| | |
|---|---|
| ४.१.२ | पहिचान भएका जडीबुटीको नमूना तथा तीनको गुण विशेषता र उपयोग समेटेर नगरपालिकामा एक Herbarium तयार पारिने छ । |
| ४.१.३ | पूर्ण विवरण तयार पारी जडीबुटीको फाइदा र विशेषता सहित ब्रोसर तथा पुस्तक तयार पारिनेछ । |
| ४.१.४ | स्थानीय स्तरमा प्राप्त हुने बहुमूल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माणगरी प्रसारण गरिने छ । |

| रणनीति | |
|---|---|
| ४.२ | कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गरिने छ । |
| **कार्यनीति** | |
| ४.२.१ | इच्छुक कृषकहरूलाई नगरपालिकाको तर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गर्न सहयोग गरिने छ । |
| ४.२.२ | ४.२.२ नगरपालिकाभर प्राकृतिक चिकित्सा, आयूर्वेद विज्ञान तथा योग साधनामा लागेका विज्ञहरूको सहयोगमा व्यवसायीक किसानको मनोबल बढाउन वर्षमा एक पटक जडीबुटीको व्यवसायीक उत्पादनसम्बन्धी अन्तरक्रिया गरिने छ । |

| रणनीति | |
|---|---|
| ४.३ | कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यावसायिकता प्रर्वद्धन गरिने छ । |
| **कार्यनीति** | |
| ४.३.१ | कृषिसंगै जडीबुटी समेत उत्पादन गर्ने कृषकलाई जडीबुटी उत्पादन सम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याइने छ । |
| ४.३.२ | अन्तरवाली अन्तर्गत कृषि बाली संगसंगै जडीबुटी उत्पादन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिने छ । |
| ४.३.३ | नगरपालिकामा खेर गैरहेको जमिन र वनक्षेत्रलाई व्यावसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा दिन व्यवस्था मिलाइने छ । |
| ४.३.४ | कृषि उपज संकलन केन्द्रलाई जडीबुटी समेत संकलन केन्द्रका रुपमा विकास गरिने छ । |
| ४.३.५ | अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाई जडीबुटी उत्पादनमा आर्कषण गर्न व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ । |
| ४.३.६ | व्यावसायिक जडिबुटी उत्पान विस्तार कार्यक्रम अन्तर्गत समूहमा व्यावसायिक जडिबुटी खेती गर्न चाहने कृषक समूहलाई मापदण्डका आधारमा प्राविधिक सहयोग तथा अनुदान प्रदान गरिनेछ । |

### (इ) पशुपंक्षी विकास तथा मत्स्यपालन

यस नगरपालिकाका सम्पूर्ण वडाहरूमा यहाँ बसोबास गर्ने घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । यहाँ गाई, भैंसी, बाख्रा, सुगुर, बंगुर, कुखुरा, हाँस, परेवा, टर्की, बट्टाई, लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गर्दछन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपंक्षीहरूको यहाँ व्यावसायीक उत्पादनको

राम्रो संभावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाखा, माछा, बङ्गुर पाल्ने र बिक्री गर्ने गर्दछन् ।

नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाले पशुपक्षि विकास तथा मत्स्यपालनका क्षेत्रमा योगदान दिने उद्धेश्यले वडा न. २, ३, ५, ८ र ९ लाई बाखा पकेट क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यका साथ किसान समुहहरुलाई बाखा वितरण, पशुपालक किसानहरुका लागि च्याकटर वितरण, घाँस तथा घाँसको बीउ वितरण, भैंसी वितरण, माछाको भुरा, चल्ला, तथा बङ्गुरका पाठा वितरण, लगायतका कार्यहरु गरेको छ ।

## प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु

पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको आधुनिकीकरण हुन नसकेको, पशुपक्षीहरुको उपचार सेवा सहज रुपमा नहुनु, मध्यवर्ती क्षेत्रमा जंगली जनावरको कारण पशुपक्षींहरुमा आक्रमण हुने गरेको लगायतका समस्या तथा चुनौतीहरू रहेका छन् ।

## सम्भावना, अवसर तथा सबल पक्ष

विभिन्न कृषि तथा पशु फर्महरू मार्फत गाई, भैसी, कुखुरा, बाखा, माछा, बङ्गुर लगायतका पशुपंक्षीहरूको व्यावसायीक उत्पादन हुँदै आएका, नगरपालिकाको वडा न. २, ३, ५, ८ र ९ लाई बाखा पकेट क्षेत्रको रुपमा विकास गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको, नगरपालिकाले पछिल्लो ५ बर्षयता पशुपालक किसानकालागि बहुउपयोगी च्यापकटर, घाँसको विउ वितरण,कृषक समुहहरुलाई बाखा, भैंसी, माछाका भुरा, स्थानीय जातका कुखुराका चल्ला तथा बंगुरका पाठा वितरण गर्ने जस्ता कार्यक्रमहरु निरन्तर संचालन गर्ने गरेको पशुपालन क्षेत्रका सबल पक्षहरु हुन् ।

## उद्देश्य १

पशुपन्छीपालनलाई व्यावसायिक बनाउनु ।

| रणनीति | |
|---|---|
| १.१ | पशुपन्छी पालनमा व्यावसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने । |

| कार्यनीति | |
|---|---|
| **१.१.१** | इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालनसम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ । |
| **१.१.२** | हरियो घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ । |

| रणनीति | |
|---|---|
| १.२ | युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने । |

**कार्यनीति**

| | |
|---|---|
| **१.२.१** | उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ । |
| **१.२.२** | स्थानिय जातका लोकल कुखुरा, कालिज, बट्टाइ, बङ्गुर लगायत पशुपंक्षी पाल्न चाहने वेरोजगार युवाहरूलाई निश्चित मापदण्डका आधारमा सुविधाको प्रबन्ध गरिनेछ । |
| **१.२.३** | नगरपालिकाभित्रका दुध उत्पादक किसानलाई दुधजन्य पदार्थको उत्पादन र बिक्री वितरणमा अनुदानको व्यवस्था गरिनेछ । |

| **रणनीति** | |
|---|---|
| १.३ | पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने । |

| **कार्यनीति** | |
|---|---|
| **१.३.१** | पशुपालनलाई आवश्यक घाँसको उत्पादन, बीउ तथा बेर्ना वितरण गरिने छ । |
| **१.३.२** | घाँसेबाली विस्तार गरिनेछ । |
| **१.३.३** | खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यावसायिक उत्पादनसम्बन्धी तालिम सञ्चालन गरिने छ । |
| **१.३.४** | प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवामार्फत विस्तार गरिने छ । |
| **१.३.५** | पशु बीमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बीमा कम्पनीको समन्वयमा अन्तरक्रिया गरिने छ । |
| **१.३.६** | पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Center को व्यवस्था गरिने छ । |
| **१.३.७** | उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ । |
| **१.३.८** | उन्नत पशुनश्ल श्रोत केन्द्र स्थापना गरिनेछ । |
| **१.३.९** | स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिने छ । |
| **१.३.१०** | पशुशिक्षा प्रर्वद्धन गर्न वडास्तरमा कृषक पाठशाला सञ्चालन गरिने छ । |
| **१.३.११** | व्यावसायिक पशुपालक कृषकलाई लागत सहभागिता Cow Mat वितरण गरिने छ । |
| **१.३.१२** | पशुपालन पकेट क्षेत्र स्तरिय घाँस बीज बैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागी संम्भाव्यता अध्ययन गरिनेछ । |
| **१.३.१३** | नगरपालिकामा संम्भाव्यता हेरी दुग्ध चिस्यान केन्द्र स्थापना तथा विस्तार गरिनेछ । |
| **१.३.१४** | चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग संचालनका लागी निजी क्षेत्र संग अर्न्तकृया गरी विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.३.१५** | नगरपालिकाका दुध उपभोक्ता सहकारी संस्था लिमिटेडहरुलाई प्रति घण्टा ५५० लिटर क्षमताको क्रिम सेपरेटर मेसिनको वितरण गरिनेछ । |
| **१.३.१६** | व्यावसायिक पशुपालक कृषकलाई अनुदानमा मिल्किङ मेसिन वितरण गरिनेछ । |

**उद्देश्य २**

पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

| रणनीति | |
|---|---|
| २.१ | कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने । |
| **कार्यनीति** | |
| **२.१.१** | नगरपालिकाभर पालिने पशुपन्छीको विवरण अद्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| **२.१.२** | हरेक वर्ष नगरपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अद्यावधिक गरिनेछ । |

| रणनीति | |
|---|---|
| २.२ | पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने । |
| **कार्यनीति** | |
| **२.२.१** | नगरपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिनेछ । |
| **२.२.२** | पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा हाटबजारको मागको अध्ययन गनिरेछ । |
| **२.२.३** | उत्पादित वस्तुहरुको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईने छ । |
| **२.२.४** | उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिनेछ । |

**उद्देश्य ३**

माछाको व्यावसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्नु

| रणनीति | |
|---|---|
| ३.१ | माछापालनमा इच्छुक कृषक पहिचान गर्ने । |
| **कार्यनीति** | |
| **३.१.१** | प्रत्येक वडामा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरिने छ । |
| **३.१.२** | माछापालन गर्न चाहने कृषकलाई प्राविधिक ज्ञान र सिपका लागि तालिमको व्यवस्था गरिने छ । |

| रणनीति | |
|---|---|
| ३.२ | माछाका भूरामा अनुदान दिने । |
| **कार्यनीति** | |
| **३.२.१** | निश्चित मापदण्डका आधारमा माछापालक कृषकलाई पहिलो पटक भूरामा अनुदान दिइने छ । |
| **३.२.२** | स्थानीय जलवायू अनुकूल उत्पादन हुनसक्ने माछाका बारेमा कृषकलाई जानकारी प्रदान गरिने छ । |

| | |
|---|---|
| **३.२.३** | माछाको लागि दाना उत्पादन गर्ने प्रविधि सहित मेशिनहरु उपलब्ध गर्ने । |
| **३.२.४** | माछा उत्पादनसम्बन्धी सल्लाह दिन प्राविधिक सहयोग प्रदान गरिने छ । |

| **रणनीति** | |
|---|---|
| ३.३ | माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने । |
| **कार्यनीति** | |
| **३.३.१** | स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन गरिने छ । |

| **रणनीति** | |
|---|---|
| ३.४ | पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने । |
| **कार्यनीति** | |
| **३.४.१** | स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडा स्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकहरलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईने छ । |
| **३.४.२** | त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिने छ । |
| **३.४.३** | कुखुरा, बाखा र बङ्गुरको उत्पादन वृद्धि गर्न मागमा आधारित कुखुरा, बाखा, बङ्गुर पकेट कार्यक्रम सञ्चालन गरिनेछ । |
| **३.४.४** | पशुहरुमा देखिने बाँझोपन निवारणका लागि पशु बाँझोपन पशु स्वास्थ्य घरदैलो सेवा प्रदान गरिनेछ । |
| **३.४.५** | आकस्मिक रुपमा आइपर्ने विभिन्न रोगहरुको पहिचान, निदान र उपचारका लागि आकस्मिक सेवा (नमूना संकलन, प्रेषण  तथा परीक्षण) सञ्चालन गरिनेछ । |
| **३.४.६** | पशु स्वास्थ्यमा सबै पशुपालक किसानहरुको पहुँच स्थापना गर्न भेटेनरी घुम्ती पशु स्वास्थ्य सेवा सञ्चालन गरिनेछ । |
| **३.४.७** | पशु प्रयोगशालाको स्थापना गरी सोको सेवा प्रदान गरिनेछ । |
| **३.४.८** | निःशुल्क रुपमा पशु उपचारका निम्ति पशु औषधी तथा उपकरण खरिद गरी सेवा दिइनेछ । |
| **३.४.९** | पशुको पोषणको अवस्थामा सुधार ल्याउन पोषण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **३.४.१०** | पशु विकास उपशाखा तथा सेवा केन्द्र व्यवस्थापनका कार्यहरु गरिनेछ । |
| **३.४.११** | उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिई निश्चित क्षेत्र तोकी आधुनिक पशु बधशाला निर्माण तथा संचालन गरिनेछ । |
| **३.४.१२** | छाडा पशु चौपायालाई गौशालामा राखी व्यवस्थापनका कार्यहरू गरिनेछ । |
| **३.४.१३** | हेफर प्रोजेक्ट नेपालसँगको पशु साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

## कृषि तथा पशुपन्छीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| **कृषि तथा जडिबुटि** | | | | | | | | | |
| **१.** | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | ४०० | १०० | १०० | १०० | १०० | न.पा., संघ, प्रदेश |
| | | १.१.२ | अगुवा कृषकको विवरण संकलन | | १०० | १०० | १०० | १०० | न.पा. |
| | | १.१.३ | व्यवसायीकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | | ५० | ६० | ७० | ८० | न.पा. |
| | | १.१.४ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | ३०० | ३५० | ४०० | ५०० | ६०० | न.पा. |
| | | १.१.५ | किसान समन्वय समिति गठन तथा परिचालन | २० | २५ | ३० | ३५ | ४० | न.पा. |
| | | १.१.६ | कृषक समूह गठन दर्ता | २० | २५ | ३० | ४० | ५० | न.पा. |
| | | १.१.७ | उत्पादित कृषि उपजको मूल्य श्रृंखला निर्धारण तथा अन्तरक्रिया | ५०० | ५०० | ३०० | ३०० | ३०० | न.पा.र हेफर |
| | १.२ | १.२.१ | नगरपालिकाका प्रमुख सिंचाई योजनाहरूको प्राथमिकिकरण | २०० | | | | २०० | न.पा. |
| | | १.२.२ | सघन कृषि क्षेत्र तथा खेती मिश्रित बाली/अन्तरबाली वर्गीकरण तथा पहिचान | १०० | १२० | १५० | १८० | २०० | न.पा. |
| | | १.२.३ | उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | १०० | १२० | १५० | १८० | २०० | न.पा. |
| | | १.२.४ | बाँझो क्षेत्र तथा बगर खेती क्षेत्र पहिचान र विवरण संकलन | २०० | | | | | न.पा. |
| | | १.२.५ | कृषियोग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्रयाक्ट फार्मीङका लागि अन्तरक्रिया कार्यक्रम | १५० | | | | | न.पा. |
| | १.३ | १.३.१ | बाली विशेष पकेट क्षेत्र निर्माणका लागि संभाव्यता अध्ययन | ५०० | | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.३.२ | फलफुल, पुष्प तथा नगदेबाली विशेष नर्सरी स्थापना कार्यक्रम | २५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | | १.३.३ | पकेट क्षेत्रस्तरीय स्रोतकेन्द्र निर्माण (च्याउ, बेसार पकेट/ब्लक विस्तार च्याउ ग्राम) | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा., संघ |
| | | १.३.४ | व्यावसायिक फलफूल, पुष्प तथा नगदेबाली विस्तार कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | १.३.५ | च्याउको बीउमा लागत साझेदारीमा सहयोग | २०० | २०० | १०० | १५० | १५० | न.पा. |
| | १.४. | १.४.१ | रासायनिक मल माग, आपूर्ति तथ्याङ्क प्रणाली निर्माण र अनुदानित रासायनिक मल नियमन तथा व्यवस्थापन | २५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | | १.४.२ | प्राङ्गारीक तथा हरियो मल उत्पादन तालिम | ४५० | २५० | २०० | २०० | २०० | न.पा. |
| | | १.४.४ | नगरस्तरीय बीज बैङ्क (Seed Bank) निर्माण, संचालन तथा व्यवस्थापन | ७०० | ७०० | ८०० | ८०० | ९०० | न.पा. |
| | | १.४.५ | मकै, धान, गहुँ लगायत उन्नत बीउ खरिदमा मूल्य अनुदान | १३०० | १५०० | १८०० | २००० | २२०० | न.पा., संघ |
| | | १.४.६ | लागत साझेदारीमा साना कृषि यन्त्र उपकरण सहयोग | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | १.४.८ | कृषि उपज वस्तु तथा बीउ भण्डारण प्रोत्साहन अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | १.४.९ | कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन | | २५०० | २०० | २०० | २०० | न.पा. |
| | | १.४.१० | एक वडा एक कृषि उपज संकलन केन्द्र स्थापना | १००० | १२०० | १२०० | १५०० | १५०० | न.पा., हेफर |
| | १.५ | १.५.१ | मल, बीउ, विषादी आदिको प्रयोगसम्बन्धी कृषि शिक्षा प्रसारण | ३० | ३० | ३० | ३० | ३० | |
| | | १.५.२ | नगरपालिकास्तरीय कृषि Call Center को स्थापना | | | | ५०० | ५०० | न.पा. |
| | | १.५.३ | कृषक पाठशालाका लागि पाठ्यक्रम निर्माण | १५० | | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.५.४ | सेवा केन्द्रस्तर माटो परीक्षण शिविर सञ्चालन | १५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | | १.५.५ | जैविक विषादी उत्पादन तालिम | ५० | ५० | ६० | ६५ | ८० | न.पा. |
| | | १.५.६ | बेमौसमी तरकारी खेती विशेष तालिम | ५० | ५० | ६० | ६५ | ८० | न.पा. |
| | | १.५.७ | लागत साझेदारीमा व्यावसायिक तरकारी खेतीमा प्लास्टिक टनेल सहयोग | १५० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | १.५.८ | कृषि घुम्ती सेवा सञ्चालन | ५० | ५० | ६० | ७० | ८० | न.पा. |
| | | १.५.९ | कृषि उपज भण्डारण तालिम | ५० | ५० | ६० | ६५ | ८० | |
| | | १.५.१० | खाद्य भण्डारण डिपो स्थापना | | १००० | | | | खा.सं.,न.पा., सहकारी |
| | | १.५.११ | अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन | १०० | १५० | २०० | २५० | ३०० | न.पा. |
| | १.६ | १.६.१ | विदेशबाट फर्किएका युवा किसान पहिचान तथा तथ्यांक संकलन | १०० | | | | | |
| | | १.६.२ | कृषक तथा सहकारी विशेष अन्तरक्रिया | ४० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | १.६.३ | वैदेशिक रोजगारीबाट फर्किएका युवालाई विशेष कृषक अभिमुखीकरण | ४० | ४५ | ५० | ५० | ६० | न.पा. |
| | | १.६.४ | युवा कृषक विशेष अनुदान तथा सहुलियत | ५० | ८० | १०० | १५० | १८० | न.पा. |
| | १.७ | १.७.१ | कृषक तथा बीमा कम्पनी बीच अन्तरक्रिया कार्यक्रम | ४० | ५० | ५० | ६० | ६० | न.पा. |
| | | १.७.२ | विपन्न कृषक बीमा अनुदान | १५० | १५० | २०० | २५० | ३०० | न.पा. |
| २. | २.१ | २.१.१ | अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | २०० | २०० | २०० | २५० | ३०० | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | २.१.२ | अगुवा तथा साना किसान बीच अन्तरक्रिया कार्यक्रम | ३० | ४० | ५० | ६० | ७० | न.पा. |
| | | २.१.३ | वार्षिक कृषि मेलाको आयोजना | १५० | २०० | २५० | ३०० | ३५० | न.पा. |
| | २.२ | २.२.१ | सघन कृषि क्षेत्र विशेष मापदण्ड निर्माण | ३५० | | | | | न.पा. |
| | | २.२.२ | सघन कृषि क्षेत्र विस्तार प्रतिफलमा आधारित अनुदान | ३०० | ३५० | २०० | २०० | १५० | न.पा. |
| | | २.२.३ | कृषि क्षेत्र विशेष मापदण्ड कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण र परिचालन | १५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | २.३ | २.३.१ | कृषि सडक पहिचान | | १५० | | | | न.पा. |
| | | २.३.२ | कृषि सडक स्तरोन्नति | ९०० | १००० | १२०० | १५०० | १६०० | न.पा., संघ र प्रदेश |
| | | २.३.६ | कृषि अनुसन्धान तथा नमूना परीक्षण अध्ययन | १५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | | २.३.७ | नगरपालिका स्तरीय सामुदायिक कृषि सेवा श्रोत तथा सूचना केन्द्र स्थापना | | | ५०० | | | |
| | | २.३.९ | माटोमा राख्ने चुना सहयोग | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| ३. | ३.१ | ३.१.१ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक अभिमुखीकरण | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | ३.१.२ | रैथाने प्रजातिका बालीजात पहिचान तथा संरक्षण | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | ३.१.३ | जलवायू अनुकूलन विशेष बाली प्रबर्द्धन कार्यक्रम | ४५० | ५०० | ६०० | ६५० | ७०० | न.पा., संघ र प्रदेश |
| | | ३.१.४ | सामुदायिक बीज बैङ्क स्थापना गर्न सम्भाव्यता अध्ययन | | ५०० | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | ३.२ | ३.२.१ | कृषि पकेट, जोन र सूपर जोन पहिचान | | | | | | |
| | | ३.२.२ | पकेट, जोन र सूपर जोन स्तरीय स्वचालित कृषि तथ्याङ्क प्रणालीको निर्माण | | | | | | |
| | | ३.२.३ | कृषि उपज बजारीकरण तथा निर्यात प्रबर्द्धन कार्यक्रम | ५०० | ५०० | ६०० | ६०० | ८०० | न.पा.,संघ, प्रदेश |
| | | ३.२.४ | कृषि उपज सन्तुलित मूल्य श्रृंखला विकास तालिम | ५० | ६० | ७० | ८० | ९० | न.पा. |
| | ३.३ | ३.३.१ | पकेट क्षेत्र वा ब्लक स्तरीय कृषि उद्योगको सम्भाव्यता अध्ययन | | ३०० | | | | न.पा. |
| | | ३.३.२ | कृषि उद्यमी विशेष अन्तरक्रिया कार्यक्रम | ५० | ६० | ७० | ८० | ९० | न.पा. |
| | ३.४ | ३.४.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरकृया | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | ३.४.२ | कृषि उपभोग्य वस्तुको माग तथा बजारको सम्भाव्यता अध्ययन | ३०० | | | | | न.पा. |
| | | ३.४.३ | जैविक प्रविधि र खेती सम्बन्धी नियमित तालिम | ७० | ८० | ९० | १०० | १०० | न.पा. |
| | | ३.४.४ | मेड इन ठाकुरबाबाको ब्राण्डीङका लागि प्रोत्साहन | २०० | २५० | ३०० | ३५० | ४०० | न.पा. |
| | ३.५ | ३.५.१ | मौरीपालक कृषकको विवरण संकलन तथा उपभोक्ता बजार अध्ययन | १५० | | | | | न.पा. |
| | | ३.५.२ | मौरीपालन तालिम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | ३.५.३ | लागत सहभागितामा मौरीको घारमा सहयोग | | १५० | १५० | १५० | १५० | न.पा. |
| | | ३.५.४ | मह ब्रान्डिङसम्बन्धी तालिम सञ्चालन | ८० | ८० | ८० | ८० | ८० | न.पा. |
| ४. | ४.१ | ४.१.१ | कृषि तथा वनस्पती पार्श्वचित्र (Profile) तयार | ५०० | | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | ४.१.२ | नगरपालिका स्तरीय Herbarium निर्माण तथा संचालन | १५०० | ५०० | ३०० | २०० | १०० | न.पा. |
| | | ४.१.३ | जडीबुटीसम्बन्धी ब्रोसर प्रकाशन | १०० | | | | | न.पा. |
| | | ४.१.४ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना अभियान | १०० | १५० | २०० | २५० | ३०० | न.पा. |
| | ४.२ | ४.२.१ | जडीबुटी उत्पादनसम्बन्धी तालिम सञ्चालन | | | | | | |
| | | ४.२.२ | प्राकृतिक चिकित्सा, आयूर्वेद विज्ञान, योग साधनामा लागेका विज्ञहरू तथा कृषक अन्तरक्रिया | ५० | ६० | ७० | ८० | ९० | न.पा. |
| | ४.३ | ४.३.१ | जडीबुटी उत्पादन प्राविधिक सहयोग कक्ष निर्माण तथा व्यवस्थापन | | ५०० | ८०० | १००० | १५०० | न.पा. |
| | | ४.३.२ | अन्तरबाली अन्तर्गत जडीबुटी उत्पादन तालिम सञ्चालन | ४० | ६० | ८० | १०० | १२० | न.पा. |
| | | ४.३.३ | खेर गैरहेको जमिन र वन क्षेत्रलाई लिजमा दिन अभिलेखिकरण | ३०० | | | | | न.पा. |
| | | ४.३.४ | कृषि उपज संकलन केन्द्रमा जडीबुटी संकलन कक्ष निर्माण | | २०० | ३०० | ४०० | ५०० | न.पा. |
| | | ४.३.५ | अति विपन्न कृषकलाई जडीबुटीको व्यावसायिक उत्पादनमा अनुदान | ५०० | ६०० | ८०० | ९०० | १००० | न.पा. |
| | | ४.३.६ | कृषि उपज बजार विकास घुम्ती कोष | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | ४.३.७ | सेवा केन्द्र भवन निर्माण तथा स्तरोन्नति | | १५०० | ५०० | | ५०० | न.पा. |
| | | ४.३.८ | कृषि उपशाखा तथा सेवा केन्द्र व्यवस्थापन | ३०० | ३०० | ३५० | ३०० | ४०० | न.पा. |
| | | ४.३.९ | चैते धान प्रवर्द्धन कार्यक्रम (मागमा आधारित) | २५० | २५० | २५० | २५० | २५० | न.पा. |
| | | ४.३.१० | मसिनो तथा वासनादार धान प्रवर्द्धन कार्यक्रम (प्रोत्साहन कार्यक्रम) | १२०० | १२५० | १३०० | १३५० | १४०० | न.पा., संघ, प्रदेश न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | ४.३.११ | हिउँदे मकै विस्तार कार्यक्रम | १५० | १५० | १५० | १५० | १५० | न.पा. |
| | | ४.३.१२ | थारू आलु/बीउ आलु प्रवर्द्धन कार्यक्रम | २५० | २५० | २५० | २५० | २५० | न.पा. |
| | | ४.३.१३ | खाद्यान्न बीज वृद्धि आत्मनिर्भर कार्यक्रम (प्रतिफलमा आधारित) | १००० | ८०० | ६०० | ५०० | ३०० | न.पा., संघ, प्रदेश न.पा. |
| | | ४.३.१४ | द्यलन, तेलहन बाली ब्लक स्थापना अनुदान (प्रतिफलमा आधारित) | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा., संघ, प्रदेश |
| | | ४.३.१५ | आकस्मिक बाली संरक्षण कार्यक्रम (रोग किरा नियन्त्रण) | २०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | ४.३.१६ | फलफूल खेती विस्तार सहयोग कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | ४.३.१७ | खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | ४.३.१८ | लागत सहभागितामा कृषि आधुनिकीकरण तथा यान्त्रिकरण | १५०० | २००० | २५०० | ३००० | ३५०० | न.पा. |
| | | ४.३.१९ | निःशुल्क कृषि बिमा कार्यक्रम | ३०० | ४०० | ५०० | ६०० | ७०० | न.पा. |
| | | ४.३.२० | शीत भण्डार निर्माण | ९०००० | ९०००० | | | | संघ र न.पा. |
| | | ४.३.२१ | कृषि साझेदारी कार्यक्रम | २५०० | २००० | २००० | | | न.पा. र हेफर |
| | | | **पशुपंक्षी तथा मत्स्यपालन** | | | | | | |
| **१** | १.१ | १.१.१ | अगुवा तथा युवा कृषक विशेष अभिमुखीकरण तथा तालिम | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | १.१.२ | हरियो घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्राथमिकतामा आधारित अनुदान | | | | | | |
| | १.२ | १.२.१ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | २०० | २०० | २५० | ३०० | ३५० | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.२.२ | बेरोजगार युवाहरूलाई रैथाने जातका पशुपंक्षीपालन कार्यक्रम | ५०० | ५०० | ८०० | ८०० | १००० | न.पा. |
| | | १.२.३ | "मल र माटोसँग खेल्ने किसानलाई दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम" संचालन | २०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | १.३ | १.३.१ | घाँसको बीउ तथा बेर्ना वितरण | १५० | १५० | २०० | २५० | ३०० | न.पा. |
| | | १.३.२ | घाँसेबाली उत्पादन क्षेत्र विस्तार कार्यक्रम | ८० | ८० | ८० | ८० | ८० | न.पा. |
| | | १.३.३ | घाँसको व्यावसायिक उत्पादनसम्बन्धी कृषक तालिम | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | १.३.४ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | १.३.५ | पशुबीमा अनुदान तथा अन्तरक्रिया | ५०० | ६०० | ७०० | ८०० | ९०० | न.पा. |
| | | १.३.६ | पशुखोप घुम्ती सेवा | १५० | १८० | १९० | २०० | २०० | न.पा. |
| | | १.३.७ | कृत्रिम गर्भाधान सेवा सञ्चालन | ३०० | ३५० | २०० | २०० | २०० | न.पा. |
| | | १.३.८ | उन्नत पशुनश्ल श्रोत केन्द्र स्थापना | | ३०० | | | | न.पा. |
| | | १.३.९ | कृषिदाना उद्योग स्थापनामा सहुलियत | | | ५०० | | | न.पा. |
| | | १.३.१० | पशु कृषक पाठशाला सञ्चालन तथा शिक्षक प्रबन्ध | २०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | १.३.११ | लागत सहभागितामा पशु म्याट लगायत सामग्री वितरण | २०० | २०० | २०० | २०० | | न.पा., कृषक |
| | | १.३.१२ | पशुपालन पकेट क्षेत्र स्तरिय घाँस बीज बैङ्क स्थापना तथा डालेघाँस नर्सरी स्थापना संम्भाव्यता अध्ययन | ५०० | | | | | न.पा. |
| | | १.३.१३ | नगरस्तरिय दूध चिस्यान केन्द्र स्थापना तथा नियमित संचालन | | | १००० | ५०० | ५०० | न.पा., प्रदेश |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.३.१४ | हयाचरी उद्योग स्थापना संम्भाव्यता अध्ययन तथा नीजि क्षेत्र अर्न्तकृया | | ५०० | | | | न.पा., निजीक्षेत्र |
| | | १.३.१५ | प्रति घण्टा ५५० लिटर क्षमताको क्रिम सेपरेटर मेसिन वितरण | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | १.३.१६ | मिल्किङ मेसिनमा अनुदान | १५० | १५० | १६० | १७५ | २०० | न.पा. |
| २ | २.१ | २.१.१ | घरपालुवा पशुपन्छी तथ्याङ्क अद्यावधिक प्रणाली निर्माण | | ३५० | | | | न.पा. |
| | | २.१.२ | वार्षिक पशुजन्य उत्पादन, माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | ५०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | २.२ | २.२.१ | पशुपंक्षीजन्य उत्पादन निर्यात बजारको माग अध्ययन | | २०० | | | | न.पा |
| | | २.२.२ | प्रशोधन, लेबलिङ, गुणस्तर मापन तथा ब्रान्डीङसम्बन्धी तालिम | १०० | १०० | १०० | १०० | १०० | न.पा., |
| | | २.२.३ | मुख्य उपभोक्ता बजार स्थित व्यापारीहरूसँग माग संकलन | | ८० | | | | न.पा. |
| ३. | ३.१ | ३.१.१ | माछा पालक कृषक विवरण संकलन | ५० | | | | | न.पा. |
| | | ३.१.२ | माछापालन तालिम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | ३.२ | ३.२.१ | भुरा वितरण अनुदान | ३०० | ३५० | ३८० | ४०० | ५०० | न.पा. |
| | | ३.२.२ | माछापालक कृषक प्राविधिक ज्ञान सम्प्रेषण | ४० | ४० | ४० | ४० | ४० | न.पा. |
| | | ३.२.३ | आधुनिक माछा संकलन, प्रशोधन तथा बिक्री केन्द्र स्थापना तथा संचालन | ३०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | ३.३ | ३.३.१ | स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन | | १०० | | | | |
| | ३.४ | ३.४.१ | लागत सहभागितामा माछा पोखरी निर्माण | ३०० | ३५० | ४०० | ६०० | ८०० | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | ३.४.२ | पोखरी निर्माणमा प्राविधिक सहयोग | २०० | | | | | न.पा. |
| | | ३.४.३ | मागमा आधारित कुखुरा, बाखा, बङ्गुर पकेट कार्यक्रम | ७०० | ७०० | ७०० | ७०० | ७०० | न.पा. |
| | | ३.४.४ | पशु बाँझोपन पशु स्वास्थ्य घरदैलो सेवा | २०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | ३.४.५ | आकस्मिक सेवा (नमूना संकलन, प्रेषण तथा परीक्षण) | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | ३.४.६ | भेटेनरी घुम्ती पशु स्वास्थ्य सेवा | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | ३.४.७ | पशु प्रयोगशाला निर्माण तथा सञ्चालन | ७०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | ३.४.८ | पशु औषधी तथा उपकरण खरिद | १००० | १२०० | १४०० | १६०० | १८०० | न.पा. |
| | | ३.४.९ | पशु पोषण कार्यक्रम | ५०० | ५५० | ६०० | ६५० | ७०० | न.पा. |
| | | ३.४.१० | पशु विकास उपशाखा तथा सेवा केन्द्र व्यवस्थापन | ३०० | ३५० | ४०० | ४५० | ५०० | न.पा. |
| | | ३.४.११ | आधुनिक पशु बधशाला निर्माण तथा संचालन | १००० | १००० | २०० | २०० | २०० | न.पा., संघ, प्रदेश |
| | | ३.४.१२ | छाडा पशु चौपाया व्यवस्थापन | ७०० | ८०० | ९०० | १००० | १२०० | न.पा., संघ, प्रदेश |
| | | ३.४.१३ | पशु साझेदारी कार्यक्रम | १४००० | १४६०० | १२८०० | | | न.पा.र हेफर |

### ३.२.४ सिंचाई

यस नगरपालिकामा ४७.८० प्रतिशत कृषियोग्य जमिन रहेको छ । यहाँ धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै फलफूल वाली उत्पादनमा राम्रो सम्भावना रहेको छ । सिंचाई, कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ। नगरपालिकाको तथ्याङ्क अनुसार वडा नं. १ मा ३०-३५ वटा बोरिङ्बाट सिँचाइ हुने र बबई सिँचाइ आयोजनाको कार्यआरम्भ भएको, वडा नं. २ मा बलाती सिँचाइ आयोजना, कर्मला सिँचाइ आयोजना, जहरे सिँचाइ आयोजना रहेको, वडा न. ३ मा बबइ नदी तथा पश्चिमी क्षेत्रमा ओराही नदीबाट सिँचाई हुने, वडा नं. ४ मा बबई नदीले सम्पूर्ण क्षेत्रमा सिँचाइ सुविधा पुगेको, वडा नं. ५ को ९० प्रतिशत क्षेत्रमा बबई नहरले सिँचाई हुने, वडा नं. ६,७ र ८ मा औराही नदी तथा बोरिङ्बाट सिँचाइ हुने र वडा नं. ९ मा वडा भरीका लागि कर्णाली सिँचाइ निर्माणाधिन अवस्थामा रहेको पाउन सकिन्छ। तथापि कतिपय स्थानहरुमा अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन। सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

उपलब्ध जलस्रोतको पूर्णरूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो हुने गरेको, कृषि विद्युतीकरण मार्फत खेतखेतमा बिजुलीको लाइन मार्फत सिंचाईका मेसिन चलाउन खर्चिलो रहेको र सिंचाईका लागि उपयोग हुने मोटरहरूबाट उत्पन्न हुने धुवाले प्रदूषण बढाउने, आधुनिक सिंचाई परियोजनाहरू खर्चिलो भएका कारण ठुलो आकारको बजेट आवश्यकता पर्ने ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

नगरपालिकाले वडा न. ९ को सुर्यपूर्व सिँचाई कुलोलाई पक्कि नहर बनाउने, अन्य कुलो मर्मत गर्ने तथा आवश्यकताका आधारमा डिप बोरिङ निर्माण गर्ने योजनालाई गुरुयोजनामा समावेश गरेको, प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने, भौगोलिक अवस्थालाई हेर्दा कृत्रिम जलाशयहरू निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाई सुविधा पुर्‍याउन सकिने ।

**उद्देश्य १**

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुर्‍याउनु

| रणनीति | |
|---|---|
| १.१ | परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्‍याउने । |

| कार्यनीति | |
|---|---|
| **१.१.१** | नगरपालिका भएर बग्ने नदी, खोला नाला, ताल पोखरीहरू, सिमसार क्षेत्रहरू लगायत पानीका मुख्य स्रोतहरू र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण (inventory profile) तयार गरिने छ । |

| | |
|---|---|
| **१.१.२** | परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइने छ। |
| **१.१.३** | सम्भाव्यता अध्ययन गरी भूमिगत तथा सतह सिंचाई संरचनाहरू क्रमशः निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिने छ। |
| **१.१.४** | वडा नं. ६, ७ र ८ को लिफ्ट सिंचाइ आयोजना सम्पन्न गरिनेछ। |

**उद्देश्य २**

सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने

| **रणनीति** | |
|---|---|
| २.१ | उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने। |
| **कार्यनीति** | |
| **२.१.१** | चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी ठूला कृषि फर्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिने छ। |
| **२.१.२** | विद्युतका पोल तथा लाइनको व्यवस्था एवं सिंचाइ मिटर र विद्युत महसुलमा सहयोग गरिने छ। |

| **रणनीति** | |
|---|---|
| २.२ | कृत्रिम जलाशयहरू निर्माण गरी वैकल्पिक सिंचाई प्रर्वद्धन गर्ने। |
| **कार्यनीति** | |
| **२.२.१.** | प्रत्येक वडामा कृत्रिम जलाशयहरू निर्माण गरी माछापालन, सिंचाई तथा पर्यटकलाई आकर्षित गर्नका लागि सम्भाव्यता अध्ययन गरिने छ। |

| **रणनीति** | |
|---|---|
| २.३. | संस्थागत संरचना सुदृढीकरण गर्ने। |
| **कार्यनीति** | |
| **२.३.१.** | पोखरी, खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गरिनेछ साथै सिंचाई उपभोक्ता समितिको क्षमता विकास गरिने छ। |
| **२.३.२.** | पानीको स्रोत संरक्षण कार्य योजना जस्तै बायो इन्जिनियरिङ्ग, पोखरी तथा हरित क्षेत्र विकास कार्यक्रम प्रत्येक वडामा सम्भाव्य क्षेत्रमा संचालन गरिने छ। |
| **२.३.३.** | मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण जलस्रोत क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने कार्ययोजना निर्माण गरी लागू गरिने छ। |

| | |
|---|---|
| २.३.४. | सिंचाई आयोजना सञ्चालन र व्यवस्थापन प्रणालीलाई स्वचालित र आत्मनिर्भर बनाउनका लागि न्यूनतम उपभोगको मात्रा अनुसार सेवा शुल्क निर्धारण गरी संकलन गरिने छ । |
| २.३.५. | पानीको स्रोतहरु तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न **“हामी जोगाउँछौ हाम्रो मुहान”** कार्यक्रमलाई अभियानका रुपमा वडास्तरमा व्यापक जागरण कार्यक्रम संचालन गरिनेछ । |

## सिंचाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१. | १.१.१. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | १०० | | | | | न.पा. |
| | | १.१.२. | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | २००० | २००० | २००० | २००० | २००० | न.पा., संघ, प्रदेश |
| | | १.१.३. | सुख्खा क्षेत्र विशेष स्थानमा आवश्यकता अनुसार वोरिङ्ग जडान | १५०० | १२०० | ८०० | ५०० | ४०० | न.पा., संघ, प्रदेश |
| | | १.१.४ | वडा नं. ७ र ८ को लिफ्ट सिंचाइ आयोजना सम्पन्न गर्ने | | | | | | न.पा. र प्रदेश |
| २ | २.१. | २.१.१. | पकेट कृषि क्षेत्रमा सिंचाईको विशेष व्यवस्था | ७०० | ९०० | १००० | १००० | १००० | न.पा. |
| | | २.१.२. | विद्युतका पोल तथा लाइनको व्यवस्था एवं सिंचाइ मिटर र विद्युत महसुल सहयोग | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | २.२. | २.२.१. | स्यालो ट्युवेल उपयोगिताका लागि मोटर जडान | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | २.३. | २.३.१. | सिंचाई उपभोक्ता समितिलाई स्रोत संरक्षण तथा दिगो सिंचाईसम्बन्धी तालिमको व्यवस्था | २०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | २.३.२. | हरित क्षेत्र विकास कार्यक्रमः बहुउपयोगी बिरुवा वितरण तथा संरक्षण | ४५० | ४५० | ४५० | ४५० | ४५० | न.पा. |
| | | २.३.३. | Climate adaptation and mitigation कार्यक्रम संचालन | ५०० | ७०० | ८०० | ९०० | १००० | न.पा., संघ, प्रदेश, साझेदार संस्था |
| | | २.३.४. | सिंचाई सेवा शुल्क निर्धारण तथा संकलन | | | | | | न.पा. |
| | | २.३.५. | पानीको स्रोत तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन | ५० | ५० | ५० | ५० | ५० | न.पा.र साझेदार संस्था |

## ३.२.५ पर्यटन, सँस्कृति तथा सम्पदा

### (अ) पर्यटन

हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको पर्याप्त विकास हुन नसकेपनि ठाकुरबाबा नगरपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो । विशेष गरी यो नगरपालिकालाई धार्मिक तथा सांस्कृतिक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । नगरपालिकामा शिव मन्दिर, श्री कृष्ण मन्दिर, जगनाथ भरुवा मन्दिर, मंगलाशैनी मन्दिर, शिवालय मन्दिर, सिंहवहिनी मन्दिर, महादेव मन्दिर,घृतक कौशल्या मन्दिर,गणेश मन्दिर ,दुर्गा मन्दिर,चर्च, गुप्तेश्वर मन्दिर, जलेश्वर महादेव मन्दिर, राधेश्याम मन्दिर, वैजुरा मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, भुतुवाथान मन्दिर, बसन चर्च, ठाकुरबाबा मन्दिर, कृष्ण प्रणामी मन्दिर लगायतका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरु रहेका छन् । यहाँ होमस्टे र साँस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ । थारु जातीको संस्कृति झल्कने विभिन्न सांस्कृतिक कार्यक्रमहरुलाई समेटेर सांस्कृतिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । यसका साथै नगरपालिकामा उर्वर कृषि क्षेत्रहरू रहेकाले ती क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ । तसर्थ हाल पर्यटकहरूका लागि होटल तथा होमस्टेहरूका साथै अन्य आवश्यक सेवा सुविधा विस्तार गर्न आवश्यक रहेको छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

नगरपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएका नगरपालिकाको सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको, पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको, पर्यटक पथप्रर्दशक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू पर्याप्त नभएका ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

नगरपालिकाको उपयुक्त स्थलमा निजी क्षेत्रलाई आकर्षित गरी सुविधा सम्पन्न थप होमस्टे, होटेल तथा लजहरू खोल्न सकिने, स्थानीय मौलिक कला र संस्कृति तथा लोपोन्मुख जातजातिको संस्कृति विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने, नगरपालिकाले डुम्रेनी गाउँलाई बहुसाँस्कृतिक होमस्टेको रुपमा विकास गर्ने नीति अगाडी सारेको ।

**उद्देश्य १**

आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।

| रणनीति | |
|---|---|
| १.१ | प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने । |
| **कार्यनीति** | |
| **१.१.१** | प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरीने छ । |
| **१.१.२** | सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा ती प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिने छ । |

| | |
|---|---|
| **१.१.३** | पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुलाई टुरिजम सर्किटको रुपमा निर्माण गरिनेछ । |

| **रणनीति** | |
|---|---|
| १.२ | पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने । |
| **कार्यनीति** | |
| **१.२.१** | नगरपालिकास्तरीय एक पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ । |
| **१.२.२** | पर्यटन वेबसाइट निर्माण गरिने छ । |
| **१.२.३** | पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन गरिने छ । |
| **१.२.४** | पर्यटन सम्बद्ध Vloggers जस्तै "घुमन्ते" हरूसँग अर्न्तक्रिया गरी प्रबर्द्धन सहयोग लिइनेछ । |

| **रणनीति** | |
|---|---|
| १.३ | बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने । |
| **कार्यनीति** | |
| **१.३.१** | नगरपालिकामा आउने पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरी होटल, रिसोर्ट खोल्न सम्भाव्यता अध्ययन गरिने छ । |
| **१.३.२** | ठूला होटल तथा रिसोर्टको तत्काल व्यवस्था गर्न नसक्ने स्थितिमा घरबास (होमस्टे) पर्यटन प्रवर्द्धन गरिने छ । |
| **१.३.३** | अन्तराष्ट्रिय पर्यटक आर्कषण गर्न विशेष सम्भाव्यता अध्ययन गरिनेछ । |

| **रणनीति** | |
|---|---|
| १.४ | पर्यटन क्षेत्र स्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने । |
| **कार्यनीति** | |
| **१.४.१** | पर्यटन क्षेत्र स्तरीय समितिका सदस्यहरूलाई पर्यटक व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिने छ । |
| **१.४.२** | समिति मार्फत स्थानीय उत्पादन जस्तै रैथाने परिकार, चिनो कोशेली, सांस्कृतिक गतिविधि, मेला सञ्चालन गर्न तालिम तथा अभिमुखीकरण गरिने छ । |
| **१.४.३** | पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी अन्तरक्रिया गरिने छ । |
| **१.४.४** | घरबास पर्यटन तथा अन्य पर्यटन प्रवर्द्धन गर्न पर्यटन व्यवसायिलाई लागत सहभागितामा आतिथ्य सत्कार (Hospitality) तालिम सञ्चालन गरिने छ । |
| **१.४.५** | समग्र क्षेत्रलाई समेटेर एक पर्यटन विकास गुरुयोजना निर्माण गरिने छ । |
| **१.४.६** | ठाकुरबाबा भ्रमण वर्ष, २०८० घोषणा गरी घुमौं ठाकुरबाबा अभियान संचालन गरिनेछ |

**उद्देश्य २**

कृषि पर्यटनको आधार विकास गर्नु

| रणनीति | |
|---|---|
| २.१ | सघन कृषि क्षेत्रको विकास गर्ने । |
| **कार्यनीति** | |
| **२.१.१** | फलफूल, जडिवुटी, पशुपंन्छीपालन तथा नगदेबाली नमुना सघन क्षेत्रहरूको राष्ट्रिय र क्षेत्रियस्तरमा प्रचारप्रसार गर्न पत्रकार सम्मेलन गरिनेछ । |

**उद्देश्य ३**

ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु ।

| रणनीति | |
|---|---|
| ३.१ | धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने |
| **कार्यनीति** | |
| **३.१.१** | सम्पूर्ण धार्मिक स्थलहरूको विस्तृत विवरण सहित ब्रोसर तयार पारिने छ । |
| **३.१.२** | सम्पूर्ण मुख्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको डि.पि.आर तथा गुरुयोजना तयार पारिने छ । |
| **३.१.३** | प्राथमिकता प्राप्त धार्मिकस्थलको जिर्णोदार तथा निर्माण कार्य थालनी गरिनेछ । |
| **३.१.४** | प्रत्येक वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको व्यवस्थापन योजना निर्माण गरिनेछ । |

| रणनीति | |
|---|---|
| ३.२ | नगरपालिकाका पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने |
| **कार्यनीति** | |
| **३.२.१** | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, सांस्कृतिक मेला, महोत्सव आयोजना गरिनेछ । |
| **३.२.२** | सबै धार्मिक र पर्यटकीय क्षेत्र समेटेर वृतचित्र निर्माण गरी सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गरिनेछ । |
| **३.२.३** | नवीन पर्यटकीय गन्तव्य र गतिविधिको सम्भाव्यता अध्ययन गरिनेछ । |
| **३.२.४** | सम्पुर्ण जात तथा धर्मको परम्परा तथा सस्कृती, संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । |

**उद्देश्य ४**

पर्यापर्यटन तथा शैक्षिक पर्यटनको विकास गर्नु

| रणनीति | |
|---|---|
| ४.१ | नगरपालिका भर सञ्चालन गर्न सकिने सम्पूर्ण पदमार्गहरूको सम्भाव्यता अध्ययन, पूर्वाधार निर्माण र स्तरोन्नति गर्ने । |

| कार्यनीति | |
|---|---|
| **४.१.१** | नगरपालिकाभर सञ्चालन हुनसक्ने पदमार्गहरूको सम्भाव्यता अध्ययन, राष्ट्रिय निकुन्ज लगायत अन्य वन सम्पदामा आधारित पदमार्ग पहिचान गरी वन्यजन्तु तथा चरा साथै वनस्पति अवलोकन गर्न पर्यटक आकर्षण गरिनेछ । |
| **४.१.२** | बबई नदीको उकास क्षेत्रमा जलपर्यटन प्रवर्द्धन गरिनेछ । |
| **४.१.३** | आम्बासा, हात्तीसार र सिसवारामा आधुनिक पिक्निक स्थल तथा बाल उद्यान निर्माण गरिनेछ । |
| **४.१.४** | नदी, खोला, कुलो किनारालाई पर्यटक आकर्षण हुने गरी सौन्दर्यकरण गरिने छ । |
| **४.१.५** | हात्तीसारमा ड्याम निर्माण गरी जलाशय पर्यटन प्रवर्द्धन गरिने छ । |

| रणनीति | |
|---|---|
| ४.२ | ठाकुरबाबा क्षेत्रबारे प्रचार गर्न शैक्षिक संघ संस्था, शिक्षण संस्थासंग सहकार्य गर्ने । |

| कार्यनीति | |
|---|---|
| **४.२.१** | यस नगरपालिकाबाट अध्ययन गरी उच्च शिक्षा हासिल गरी बाहिरिएका महानुभावहरूसंग अन्तरक्रिया गरिने छ । |
| **४.२.२** | शैक्षिक भ्रमणमा आउने विद्यार्थी तथा अनुसन्धानकर्ताको बसोबासको व्यवस्था मिलाउन पर्यटन क्षेत्र स्तरीय समितिलाई व्यवस्थापन तालिमको आवश्यकता वोध गराइने छ । |
| **४.२.३** | शैक्षिक पर्यटन अन्तर्गत गर्न सकिने गतिविधिहरूको अध्ययन गरिने छ । |

पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| **१.** | १.१ | १.१.१ | पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन | १०० | | | | | न.पा. |
| | | १.१.२ | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडक विस्तार तथा स्तरोन्नति गर्ने | ३००० | ४०० | ५००० | ६००० | ७००० | न.पा., संघ, प्रदेश |
| | | १.१.३ | टुरिजम सर्किटको निर्माण | १००० | १२०० | १५०० | | | न.पा., संघ, प्रदेश |
| | १.२ | १.२.१ | पर्यटन सूचना केन्द्रको स्थापना तथा संचालन | ३०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | १.२.२ | पर्यटन (Portal) वेबसाइट निर्माण | ३०० | | | | | न.पा. |
| | | १.२.३ | पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन | | ५० | | | | |
| | | १.२.४ | पर्यटन सम्बन्धी Vloggers सँग अर्न्तक्रिया | १०० | | १०० | | | न.पा. |
| | १.३ | १.३.१ | पर्यटन सम्बन्धमा निजी क्षेत्रसँग अन्तरक्रिया | १०० | | १०० | | | न.पा. |
| | | १.३.२ | आदिवासी जनजाति सघन क्षेत्रमा होमस्टे सञ्चालन तालिम प्रदान | १०० | | | १०० | | न.पा. |
| | | १.३.३ | पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध | ३०० | | | | | न.पा. |
| | १.४ | १.४.१ | पर्यटन क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण | १०० | | १५० | | | न.पा. |
| | | १.४.२ | स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम | १०० | | १५० | | | न.पा. |
| | | १.४.३ | पर्यटन व्यवसायमा व्यावसायिक रूपमा लाग्न चाहने उद्यमीहरूसँग अन्तरक्रिया | ८० | | | | | न.पा., निजी क्षेत्र |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.४.४ | घरबास तथा अन्य पर्यटनसम्बन्धी आतिथ्य सत्कार तालिम तथा प्रवर्द्धन | ३०० | | | ५०० | | न.पा., संघ, निजी क्षेत्र |
| | | १.४.५ | पर्यटन विकास गुरुयोजना निर्माण | १००० | | | | | न.पा. |
| | | १.४.६ | ठाकुरबाबा भ्रमण वर्ष २०८० घोषणा गरी घुमौं ठाकुरबाबा अभियान संचालन | ५०० | | | | | |
| २. | २.१ | २.१.१ | पर्या-पर्यटनका लागि कृषि पकेट क्षेत्रको प्रचार प्रसार | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| ३. | ३.१ | ३.१.१ | धार्मिक र अन्य पर्यटकीय क्षेत्र विशेष ब्रोसर निर्माण | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | ३.१.२ | मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्रको डि.पि.आर. साथै विकास गुरुयोजना निर्माण | १५०० | | | | | न.पा. |
| | | ३.१.३ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | | २५०० | | ३००० | | न.पा. |
| | | ३.१.४ | वडास्तरिय धार्मिक स्थलहरू व्यवस्थापन | २०० | | ३०० | | ४०० | न.पा. |
| | ३.२ | ३.२.१ | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, सांस्कृतिक मेला, महोत्सव आयोजनामा सहयोग | | | ३५० | | | न.पा. |
| | | ३.२.२ | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर एक वृत्तचित्र निर्माण | ५०० | | | | | न.पा. |
| | | ३.२.३ | नविन पर्यटकीय गन्तव्य र गतिविधिहरुको सम्भाव्यता अध्ययन | | | ५०० | | | न.पा. |
| | | ३.२.४ | सम्पुर्ण जात तथा धर्मको परम्परा तथा सस्कृती, संरक्षण गर्ने नीतिलाई निरन्तरता | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| ४ | १ | ४.१.१ | पदमार्गहरूको सम्भाव्यता अध्ययन तथा पर्यटन प्रवर्द्धन | | ८०० | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | ४.१.२ | बबई नदीको उकास क्षेत्रमा जल पर्यटन (मत्स्यपालन, र्‍याफटिङ्ग प्रवर्द्धन तथा सञ्चालन) | ३००० | ४००० | ५००० | ६००० | ७००० | न.पा., निजी क्षेत्र |
| | | ४.१.३ | आम्बासा, हात्तीसार र सिसवारामा आधुनिक पिक्निक स्थल तथा बाल उद्यान निर्माण | | ३००० | ४००० | ५००० | | न.पा., संघ र प्रदेश |
| | | ४.१.४ | नदी, खोला, कुलो किनाराको सौन्दर्यकरण गरी पर्यटकहरूलाई आकर्षित गर्ने गरी विविध कार्यहरू गरिनेछ । | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा. |
| | | ४.१.५ | हात्तीसारमा ड्याम निर्माण गरी जलाशय पर्यटन प्रवर्द्धनका कार्यहरू गरिनेछ । | | ५००० | ५००० | ५००० | | संघ, प्रदेश र न.पा. |
| **४** | २ | ४.२.१ | यस नगरपालिकाबाट अध्ययन गरी उच्च शिक्षा हासिल गरी बाहिरिएका महानुभावहरूसंग अन्तरक्रिया | | | १०० | | | न.पा. |
| | | ४.२.२ | शैक्षिक भ्रमणमा आउने विद्यार्थी तथा अनुसन्धानकर्ताको बसोबासको व्यवस्था मिलाउन पर्यटन क्षेत्र स्तरीय समितिलाई व्यवस्थापन तालिम | | १०० | | | | न.पा. |
| | | ४.२.३ | शैक्षिक पर्यटन अन्तर्गत गर्न सकिने गतिविधिहरूको अध्ययन | ३०० | | | | | न.पा. |

### (आ) संस्कृति, भाषा, कला तथा साहित्य

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आ-आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । ठाकुरबाबा नगरपालिका यस्ता मौलिक तथा सांस्कृतिक विविधतामा धनी नगरपालिका हो । यहाँ विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । नगरपालिकाको घरधुरी सर्वेक्षण, २०७९ को तथ्याङ्क अनुसार नगरपालिकाको कुल जनसंख्यामध्ये १३.३९ प्रतिशत ब्राम्हण, १७.४६ प्रतिशत क्षेत्री, ५४.४ प्रतिशत थारु, ठकुरी २.१७ प्रतिशत, कामी ५.२१ प्रतिशत, दमाई १.४३ प्रतिशत, सुनार ०.२८ प्रतिशत, २.०४ प्रतिशत मगर, ०.२२ प्रतिशत मुस्लीम, ०.५८ प्रतिशत दशनामी, ०.१६ प्रतिशत बादीहरूको बसोवास रहेको पाउन सकिन्छ। यहाँ सबै जातजाति र सम्प्रदायका आ-आफ्नै किसिमको धर्म, संस्कृति र चालचलनहरु छन् । यहाँ थारु समुदायको हरेरी पूजा, धुर्या, ल्वाडी ढक, साथै दशैं, तिहार, माघेसक्रान्ती, छठ, शिवरात्री, होली, इद, माघीपर्व जस्ता विभिन्न चाडपर्व एवं सांस्कृतिक उत्सवहरु मनाउने गरिन्छ । तथापी यहाँको पहिचान झल्काउने बैठकी, हुर्हुदवा, छोका, झुम्री, डप बैशाखी होल्का नाँच लगायतका नाँचहरु लोपहुन लागेको अवस्थामा रहेका छन् ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुगेका । समुदाय र राज्य दुवैका उदासिनताका कारण स्थानीय र मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने, विभिन्न लोक भाकाको संरक्षण गर्नुपर्ने, थारु लगायतका आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण वातावरणमा बसेका, नगरपालिकाले आफ्नो क्षेत्रको पहिचान स्थापित गर्नका लागि थारु संस्कृतिको संरक्षणका लागि **"नमूना थारु गाँउ"** निर्माण गर्न पहल गर्ने नीति अगाडी सारेको, नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने ।

**उद्देश्य १**

स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।

| रणनीति | |
|---|---|
| १.१ | संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने । |

| कार्यनीति | |
|---|---|
| **१.१.१** | नगरपालिकामा प्रचलनमा रहेका सबैप्रकारका अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritage) को वस्तुगत तथा विस्तृत पार्श्वचित्र तयार पारिने छ । |

| | |
|---|---|
| **१.१.२** | सबै बौद्धिक सम्पदा (Intellectural Property) को विवरण प्रकाशन गरिने छ । |
| **१.१.३** | यस प्रकारका सांस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिने छ । |
| **१.१.४** | नगरपालिकाको मौलिकता दर्शाउने सम्पदा समेटेर पार्श्वचित्र र वृत्तचित्रहरु निर्माण गरिने छ । |
| **१.१.५** | नगरपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुऱ्याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार साँस्कृतिविद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिने छ । |

| **रणनीति** | |
|---|---|
| १.२ | भाषा, संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने । |

| **कार्यनीति** | |
|---|---|
| **१.२.१** | विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी अभिलेख तयार पारिने छ । |
| **१.२.२** | त्यस्ता प्रतिभाहरूको प्रतिभा उजागर गर्न हरेक महिना विद्यालयस्तरीय र निश्चित समयको अन्तरालमा अन्तरविद्यालय सांस्कृतिक, साहित्यिक प्रतियोगिता आयोजना गरिने छ । |
| **१.२.३** | राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगीतामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिने छ । |
| **१.२.४** | हरेक विशेष चाडपर्व मेला र सांस्कृतिक उत्सवलाई भव्य बनाउन सांस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि रकमहरूको व्यवस्था गरिने छ । |
| **१.२.५** | सांस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिने छ । |

### उद्देश्य २

संस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु ।

| **रणनीति** | |
|---|---|
| २.१ | कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने । |

| **कार्यनीति** | |
|---|---|
| २.१.१ | कला, साहित्य, भाषा तथा संस्कृतिका सर्जकहरूलाई यी क्षेत्रको विकासका लागि आवश्यक मागहरूको संम्बोधन गर्न विशेष अन्तरक्रिया आयोजना गरिने छ । |
| २.१.२ | विभिन्न राष्ट्रिय तथा नगरपालिका स्तरीय विशेष अवसरमा यस्ता सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिने छ । |
| २.१.३ | हरेक विद्यालयमा अतिरिक्त कृयाकलापहरूमा यी विषय समावेश गरी नियमित अभ्यास र पठनपाठन गर्न आंशिक शिक्षकको प्रवन्ध गरिने छ । |

| रणनीति | |
|---|---|
| २.२ | सांस्कृतिक, साहित्यिक, भाषिक तथा कलासम्बन्धी पूर्वाधार निर्माण, अध्ययन, स्थानीय परिकार प्रवर्द्धन । |

| कार्यनीति | |
|---|---|
| २.२.१ | नगरपालिका स्तरीय एक प्रज्ञा प्रतिष्ठान स्थापना गरिने छ । |
| २.२.२ | सांस्कृतिक केन्द्रलाई चलायमान बनाउन नाटक, नृत्य, सांगितिक कार्यक्रम, साहित्यिक कार्यक्रम, चित्रकला प्रर्दशनीहरूको सांस्कृतिक पात्रो बमोजिम आयोजना गरिने छ । |
| २.२.३ | नगरपालिकास्तरीय एक बहुसांस्कृतिक संग्रहालयको निर्माण तथा व्यवस्थापन गरिनेछ । |
| २.२.४ | संगीत, नृत्य, ललितकला, मूर्तिकला सम्बन्धी तालिम तथा प्रशिक्षण आयोजना गरिने छ । |
| २.२.५ | कला प्रर्दशनी तथा मञ्चनका लागि खुला मञ्च निर्माण स्थल पहिचान तथा निर्माण गरिने छ । |
| २.२.६ | संस्कृति तथा कला सम्बन्धी विभिन्न कार्यक्रममा व्यवस्थापनका कार्यहरू गरिनेछ । |
| २.२.७ | सामाजिक सांस्कृतिक परिवर्तन तथा रूपान्तरणको वर्तमान प्रवृत्ति तथा त्यसले नगरबासीमा परिरहेको प्रभाव र कुसंस्कार, गलत प्रवृत्ति निवारणका लागि नीतिगत व्यवस्थापनलाई सहयोग गर्न सामाजिक सांस्कृतिक अध्ययन गरिनेछ । |
| २.२.८ | स्थानीय परिकारको प्रवर्द्धन गर्न राजमार्ग छेउछाउमा ढिक्री, घोंगी, अचार आदिको बिक्रीका लागि स्टलहरू निर्माण गरिनेछ । |

## संस्कृति, भाषा, कला तथा साहित्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १. | १.१ | १.१.१ | अमूर्त सांस्कृतिक सम्पदाहरुको अध्ययन | ५०० | | | | | न.पा. |
| | | १.१.२ | Intangible Cultural Heritage (ICH) तथा वौद्धिक सम्पदाको विवरण प्रकाशन | | ५०० | | | | न.पा. |
| | | १.१.३ | सांस्कृतिक सम्पदासम्बन्धी स्थानीय पाठ्यक्रम परिमार्जन | | २०० | | | | न.पा. |
| | | १.१.४ | स्थानीय कला र सांस्कृतिक पार्श्वचित्र र वृत्तचित्र निर्माण | ५०० | ५०० | | | | न.पा. |
| | | १.१.५ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | १०० | | | | | |
| | १.२ | १.२.१ | विशेष कला भएका विद्यार्थी पहिचान र क्षमता विकास | ५० | ५० | ५० | ५० | ५० | न.पा. |
| | | १.२.२ | विद्यालय तथा अन्तर विद्यालय सांस्कृतिक प्रतियोगिता | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | १.२.३ | राष्ट्रिय तथा प्रादेशिकस्तरको सांस्कृतिक प्रतियोगिता सहयोग | ३०० | ३०० | ३०० | ३०० | ३०० | न.पा. |
| | | १.२.४ | स्थानीय विशेष पर्व तथा उत्सव सम्बन्धी सहयोग | १०० | २०० | ३०० | ३०० | ३०० | न.पा. |
| | | १.२.५ | सांस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | ५०० | ७०० | ८०० | ९०० | १००० | न.पा. |
| २. | २.१ | २.१.१ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | ४० | ४० | ४० | ४० | ४० | न.पा. |
| | | २.१.२ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | १०० | २०० | २०० | २०० | २०० | न.पा. |
| | | २.१.३ | सांस्कृतिक गतिविधि तथा पठनपाठनका लागि शिक्षक तालिम | ३५० | | ३५० | | ३५० | न.पा. |
| | २.२ | २.२.१ | ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान गठन तथा संचालन | २५० | २५० | ३०० | ३५० | ४०० | न.पा. |
| | | २.२.२ | प्राज्ञिक तथा सांस्कृतिक क्रियाकलापको आयोजना | १०० | १५० | २०० | २५० | ३०० | न.पा. |
| | | २.२.३ | बहुसांस्कृतिक संग्रहालयहरुको निर्माण तथा व्यवस्थापन | २०० | २५० | ३०० | २०० | १०० | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | २.२.४ | संगीत, नृत्य, ललितकला, मूर्तिकला सम्बन्धी प्रशिक्षण | ३०० | ३०० | ३०० | ४०० | १०० | न.पा. |
| | | २.२.५ | कला प्रर्दशनी तथा मञ्चनका लागि खुला मञ्च निर्माण स्थल पहिचान तथा निर्माण | ३० | १००० | | १२०० | | न.पा. |
| | | २.२.६ | संस्कृति तथा कला सम्बन्धी विभिन्न व्यवस्थापन | २०० | २५० | ३०० | ३५० | ४०० | न.पा. |
| | | २.२.७ | सामाजिक सांस्कृतिक अध्ययन | ५०० | | | ५०० | | न.पा. |
| | | २.२.८ | स्थानीय परिकार बिक्री स्टल निर्माण तथा सञ्चालन | १००० | | ५०० | | | न.पा. |

### ३.२.६ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

ठाकुरबाबा नगरपालिकामा कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएकोले विशेषत कृषिमा आधारित साना तथा मझौलाा उद्योग र अन्य घरेलु उद्योगहरू सञ्चालनमा रहेका छन् । तथापि ठूलो स्तरका उपभोक्ता बजारहरूको विकास भएको छैन । यहाँ व्यावसायिक रूपमा गाई, भैसी, बंगुर, माछा, कुखुरा, बाखा आदि पालन भइरहेको छ । नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाको वडा न. १ मा ८ वटा, वडा न. २ मा ४ वटा, वडा न. ३ मा ४ वटा, वडा न. ४ मा ५ वटा, वडा न. ५ मा ५ वटा, वडा न. ६ मा १ वटा, वडा न. ७ मा २ वटा, वडा न. ८ मा १, र वडा न. ९ मा ४ वटासाना तथा घरेलु उद्योगहरु संचालनमा रहेका छन् । यसरी संचालनमा रहेका उद्योगहरुमा पोल्ट्री फर्म, राइस मिल, फर्निचर, पाउरोटी उद्योग, मसला उद्योग, साबुन उद्योग, ग्रील उद्योग, इटा उद्योग लगायतका रहेका छन् । नगरपालिकाले नगरक्षेत्र भित्र ठूला उद्योग तथा व्यवसाय संचालन गर्न चाहने व्यावसायीलाई प्रोत्साहन गर्न नगरपालिकाबाट लिइने ३ बर्षको व्यवसायीक करमा छुट दिने, प्लाष्टिक न्यूनिकरणका लागि दुनाटपरी, कपडाका झोला, निर्माण गर्ने साना उद्योग खोल्न चाहनेलाई अनुदान तथा प्रोत्साहन दिने लगायतका नीतिहरु अगाडी सारेको छ । यस नगरपालिकामा कृषि उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग तथा वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको, लगानी सुरक्षाको वातावरण आवश्यक पर्ने, विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदूषण वृद्धि हुन सक्ने, ठूलो आकारको लगानीको व्यवस्था गर्नुपर्ने ।

**सम्भावना, अवसर तथा सबल पक्ष**

कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको, नगरपालिकामा रहेका प्राकृतिक पोखरीहरू तथा कृत्रिम पोखरीमा व्यवसायिक माछापालन गर्न सकिने, डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने, व्यावसायिक रूपमा माछा, कुखुरा, हाँस, गाई, भैसी, बाखा आदि पालन भइरहेको ।

**उद्देश्य १**

उद्योगका लागि आधारभूत पूर्वाधारको विकास गर्नु ।

| **रणनीति** | |
|---|---|
| १.१ | नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने । |
| **कार्यनीति** | |
| **१.१.१** | उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिने छ । |

| | |
|---|---|
| **१.१.२** | उद्योगमा लगानी गर्न असहज र प्रतिकूल रहेका विद्यमान स्थानीय कानुनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिने छ र श्रमिकहरूको सुरक्षा हक र हितका लागि कानुनको अधिनमा रही स्थानीय नीति र मापदण्ड श्रमिक उद्योग र उद्यमी मैत्री बनाइने छ । |
| **१.१.३** | ठूलोस्तरको बाह्य लगानी भित्र्याउन सरकारी जमिनको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे अन्तरक्रिया गरिने छ । |
| **१.१.४** | गैह्रकृषि क्षेत्रको रोजगारी बृद्धि गर्न गैह्रकृषि क्षेत्रका उद्योगहरुको व्यापक अध्ययन गरिनेछ । |
| **१.१.५** | उद्योग संचालन कार्यविधि तयार गरिनेछ |
| **१.१.६** | नियमित कर तिर्ने र ५० भन्दा धेरैलाई रोजगारी दिने उत्कृष्ट उद्योगलाई सम्मान गरिनेछ |

| **रणनीति** | |
|---|---|
| १.२ | प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने । |
| **कार्यनीति** | |
| **१.२.१** | स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषकबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |
| **१.२.२** | औद्योगिक क्षेत्रको पहिचान गर्ने कार्यलाइ अघि वढाइने छ । |

## उद्देश्य २

स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु

| **रणनीति** | |
|---|---|
| २.१ | निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कृषिमा आधारित उद्योगको निर्माण गर्ने । |
| **कार्यनीति** | |
| **२.१.१** | बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |
| **२.१.२** | पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ । |
| **२.१.३** | उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि नगरपालिकाद्वारा सहयोग प्रदान गरिनेछ । |
| **२.१.४** | मासु विविधिकरण तथा प्याकेजिङ्ग उद्योग स्थापना गरिनेछ । |
| **२.१.५** | पञ्चगव्य अनुसन्धान केन्द्र निर्माण गरिनेछ । |
| **२.१.६** | गौशालाहरूमा बायोग्याँस जडानको कार्य गरिनेछ । |
| **२.१.७** | प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण गरिनेछ । |

| रणनीति | |
|---|---|
| २.२ | स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने । |

| कार्यनीति | |
|---|---|
| **२.२.१** | कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ । |

## उद्देश्य ३

खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु ।

| रणनीति | |
|---|---|
| ३.१ | खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने । |

| कार्यनीति | |
|---|---|
| **३.१.१** | संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गरिनेछ । |

## उद्देश्य ४

स्थानीय बजार प्रर्वद्धन र व्यवस्थापनमार्फत वाणिज्य, बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने ।

| रणनीति | |
|---|---|
| ४.१ | बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने । |

| कार्यनीति | |
|---|---|
| ४.१.१ | स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानुन र मापदण्ड निर्माण गरिनेछ । |
| ४.१.२ | नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिनेछ । |
| ४.१.३ | रोजगार बैंक पोर्टल संचालन गरिनेछ । |

| रणनीति | |
|---|---|
| ४.२ | स्थानीय व्यवसाय, बजार, उद्योग प्रबर्द्धन । |

| कार्यनीति | |
|---|---|
| ४.२.१ | मुख्य बजार केन्द्रलाई लक्षित गरी निजी क्षेत्रसंगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइनेछ । |
| ४.२.२ | वार्षिक रुपमा मुख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला/ औधोगिक प्रदर्शनी आयोजना गर्न वार्षिक पात्रो निर्माण गरिनेछ । |
| ४.२.३ | बगनाहा, भुरीगाउँ, बकुवा, शाहीपुर र ठाकुरद्वारामा हाटबजार पूर्वाधार निर्माण तथा संचालन गरिनेछ । |

| | |
|---|---|
| ४.२.४ | उपभोक्ता हितसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४.२.५ | कृषि उद्यमी र साना कुटिर उद्यमीलाई लागत सहभागितामा यन्त्र उपकरण वितरण गरिनेछ । |
| ४.२.६ | कृषि उद्योग स्थापनामा सहयोग गरिनेछ । |
| ४.२.७ | खाद्य प्रशोधन तालिम संचालन गरिनेछ । |
| ४.२.८ | संघीय लघुउद्यम विकास कार्यक्रममा नगरपालिकाबाट समेत थप रकम व्यवस्थापन गरी कार्यक्रम संचालन गरिनेछ । |
| ४.२.९ | उद्योग वाणिज्य संघसँगको सहकार्यमा संकलित रकमको आपसी सहमतिमा निश्चित अंश बाँडफाँड हुने गरी स्थानीय व्यापार, उद्योग, व्यवसाय दर्ताको कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । |
| ४.२.१० | प्राङ्गारिक मल उत्पादन गर्न उद्यमीलाई आवश्यक सहयोग गरिनेछ । |

## उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १. | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन | २०० | | | | | न.पा. |
| | | १.१.२ | श्रमिक, उद्योग र उद्यमी मैत्रीसम्बन्धी नीति, कानुन संशोधन गर्न विज्ञसँग परामर्श | ६० | | | | | न.पा. |
| | | १.१.३ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | | ५०० | | | | न.पा. |
| | | १.१.४ | गैह्र कृषि क्षेत्रका उद्योगहरुको सम्भाव्यता अध्ययन | ४०० | | | | | न.पा. |
| | | १.१.५ | उद्योग संचालन कानून निर्माण | १५० | | | | | न.पा. |
| | | १.१.६ | नियमित कर तिर्ने र ५० भन्दा धेरैलाई रोजगारी दिने उत्कृष्ट उद्योगलाई सम्मान | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | १.२ | १.२.१ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | ७० | | ७० | | | न.पा. |
| | | १.२.२ | औद्योगिक क्षेत्रको पहिचान गर्ने कार्य | | | | | | न.पा. |
| २ | २.१ | २.१.१ | बाली विशेष पकेट क्षेत्र स्तरिय उद्योगहरूको सम्भाव्यता अध्ययन तथा प्रवर्द्धन | ३०० | | | | | |
| | | २.१.२ | एक वडा एक कृषि उद्योग अर्न्तगत उद्योगी पहिचान तथा तालिम | १०० | ३०० | | | | न.पा. |
| | | २.१.३ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | ५० | | ५० | | ५० | न.पा. |
| | | २.१.४ | मासु विविधिकरण र प्याकेजिङ्ग उद्योग स्थापना | | ५००० | | | | संघ, प्रदेश, निजी क्षेत्र |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | २.१.५ | पञ्चगव्य अनुसन्धान केन्द्र स्थापना | | | ३००० | | | संघ, प्रदेश, न.पा. |
| | | २.१.६ | गौशालाहरूमा बायोग्याँस प्लान्ट जडान | | ५००० | | | | संघ, प्रदेश, न.पा. |
| | | २.१.७ | वडा नं. ४ मा प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना | | ५००० | | | | संघ, प्रदेश, न.पा. |
| | २.२ | २.२.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरक्रिया | ३०० | | ३५० | | ४०० | न.पा. |
| ३ | ३.१ | ३.१.१ | खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण | | | | | | |
| ४. | ४.१ | ४.१.१ | स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानुन र मापदण्ड निर्माण | १०० | | | | | न.पा. |
| | | ४.१.२ | नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण | २०० | | | | | न.पा. |
| | | ४.१.४ | नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणाली निर्माण | | १०० | | | | न.पा. |
| | | ४.१.५ | रोजगार बैंक पोर्टल संचालन | १०० | | | | | न.पा. |
| | ४.२ | ४.२.१ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | | २००० | | | | न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | ४.२.२ | व्यापारिक मेलार औधोगिक प्रदर्शनी आयोजना गर्न वार्षिक पात्रो निर्माण | | | | | | |
| | | ४.२.३ | बगनाहा, भुरीगाउँ, बकुवा, शाहीपुर र ठाकुरद्वारामा हाटबजार पूर्वाधार निर्माण तथा संचालन | ७०० | ८०० | ९०० | १००० | १००० | न.पा. |
| | | ४.२.४ | उपभोक्ता हितसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | ५० | ७५ | ८० | ९० | ९० | न.पा. |
| | | ४.२.५ | कृषि उद्यमी र साना कुटिर उद्यमीलाई लागत सहभागितामा यन्त्र उपकरण वितरण | ३०० | ४०० | ५०० | ७०० | ९०० | न.पा. |
| | | ४.२.६ | कृषि उद्योग स्थापनामा सहयोग | | १००० | | २००० | | न.पा., सहकारी, निजी क्षेत्र |
| | | ४.२.७ | खाद्य प्रशोधन तालिम | ११०० | | | | | संघ, न.पा. |
| | | ४.२.८ | लघु उद्यम विकास कार्यक्रममा थप रकम व्यवस्थापन | १००० | १००० | १००० | १००० | १००० | न.पा. |
| | | ४.२.९ | व्यवसाय दर्ता अभियान सञ्चालन | १० | | १० | | १० | न.पा. र उ.वा.सं. |
| | | ४.२.१० | प्राङ्गारिक मल उत्पादन उद्योग स्थापना | | १००० | | | | न.पा., निजी क्षेत्र |

### ३.२.७ आम्दानी, रोजगारी र वित्तीय सेवा

#### (अ) बैङ्क तथा वित्तीय क्षेत्र

स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैरहने वातावरणका लागि बैङ्किङ तथा वित्तीय संस्थाहरुको महत्वपूर्ण भुमिका रहन्छ। कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ। यस नगरपालिकाको वडा नं. १ मा एन.आइ.सी एसिया बैङ्क, कृषि बिकास बैङ्क, सानिमा बिकास बैङ्क, राष्ट्रिय सहकारी बिकास बैङ्क, कुमारी बैङ्क, गरिमा बिकास बैङ्क, ग्लोबल आइ.एम.इ बैङ्क, साग्रीला बिकास बैङ्क, साइन रेसुङ्गा बिकास बैङ्क, कर्णाली बिकास बैङ्क र वडा नं. ९ मा माछापुच्छ्रे, नेपाल बैंक लिमिटेड, एभरेष्ट बैंक लगायतका बैङ्कका शाखाहरुले सेवा प्रवाह गरिरहेका छन्।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

“क” वर्गका बैङ्क सीमित मात्रामा रहेका, औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने, सामाजिक उत्तरदायित्वको अवस्था सन्तोषजनक नरहेको र त्यसलाई जिम्मेवार बनाउनुपर्ने, वित्तीय साक्षरताको अभाव रहेको।

**सम्भावना, अवसर तथा सबल पक्ष**

उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने, नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेको, स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने।

**उद्देश्य १**

बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु

| रणनीति | |
|---|---|
| १.१ | वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने। |
| **कार्यनीति** | |
| **१.१.१** | निजी क्षेत्रमा बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिने छ। |
| **१.१.२** | बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैङ्कसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ। |
| **१.१.३** | स्थानीय बासिन्दामा वित्तीय साक्षरता बढाउने कार्यक्रम सञ्चालन गरिनेछ। |

**उद्देश्य २**

सहजकर्जा प्रवाह र वचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु

| **रणनीति** | |
|---|---|
| २.१ | व्यावसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने । |

| **कार्यनीति** | |
|---|---|
| **२.१.१** | स्थानीय उद्यमी तथा बैङ्कहरूबीच ऋण प्रवाहमा सहजीकरण गर्न नगरपालिकाद्वारा अन्तक्रृया गरिने छ । |
| **२.१.२** | बैंक तथा वित्तीय संस्थाहरुलाई सामाजिक उत्तरदायित्व निर्वाह गर्न अन्तरक्रिया र कार्यक्रम संचालन/पूर्वाधार संरचना निर्माण गरिने छ । |
| **२.१.३** | अति विपन्न तथा सहुलियतपूर्ण कर्जा प्रवाहको अवस्थाका बारेमा लेखाजोखा गरिनेछ । |

## बैङ्क तथा वित्तीय क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | न.पा., बैंक |
| | | १.१.२ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | | ८० | ८५ | ९० | ९५ | न.पा. |
| | | १.१.३ | वित्तीय साक्षरता कार्यक्रम संचालन | | | | | | न.पा., बैंक |
| | २.१ | २.१.१ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | ४५ | ५० | ५० | ५० | ५० | न.पा. |
| | | २.१.२ | बैंक तथा वित्तीय संस्थाहरुलाई सामाजिक उत्तरदायित्व निर्वाह अन्तरक्रिया र कार्यक्रम संचालन/पूर्वाधार संरचना निर्माण | ५००० | ५००० | ५००० | ६००० | ७००० | बैंक तथा वित्तीय संस्थाहरु |
| | | २.१.३ | अति विपन्न तथा सहुलियतपूर्ण कर्जा प्रवाहको लेखाजोखा | | | | | | न.पा., बैंक |

### (आ) सहकारी

ग्रामीण पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। ठाकुरबाबा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाभित्र कृषि, बहुउद्देश्यीय, बचत तथा ऋण लगायत गरी २१ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन्। नगरपालिकाले सहकारी ऐन, २०७५, सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधि, २०७५ र सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण मापदण्ड, २०८० जारी गरी कार्यान्वयन गरेको छ ।

#### प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु

सहकारीको संख्यात्मक वृद्धि भएतापनि गुणात्मक विकास हुन नसकेको, कृषि, उद्योग तथा व्यावसायिकता विकासमा यसको योगदान वृद्धि गर्नुपर्ने, सहकारी क्रियाकलाप उत्पादनमुखी तथा रोजगारी सिर्जनाभन्दा पनि बचत तथा ऋण कारोबारमा बढी लगाव रहेको ।

#### सम्भावना, अवसर तथा सबल पक्ष

सानो रकम भए पनि बचत गर्नुपर्छ भन्ने चेतनाको क्रमश विकास भएको, नगरपालिकाले आफ्नो नगरलाई सहकारीको नमुना नगरपालिकाको रुपमा विकास गर्न सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रर्वद्धनका लागि एकिकरण, नियमित अनुगमन र निरिक्षणको व्यवस्था गर्ने नीति अगाडी सारेको, सहकारी सञ्जालको गठन भएको ।

#### उद्देश्य १

सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि, कुशल व्यवस्थापन र विस्तार गर्नु

| रणनीति | |
|---|---|
| १.१ | सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने । |

| कार्यनीति | |
|---|---|
| १.१.१ | स्थानीय सञ्चार माध्यमको सहयोगमा सहकारीको महत्व सम्बन्धमा नियमित जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ र सहकारी सञ्चालकहरूलाई संस्थागत क्षमता विकास गर्न सङ्घीय तथा प्रदेश सरकारहरूको सहयोगमा क्षमता विकास अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| १.१.२ | महिलाहरूलाई सहकारीतर्फ आकर्षण गर्न महिला सहकारी विस्तार उत्प्रेरणा तालिम सञ्चालन गरिने छ । |
| १.१.३ | सहकारीले स्थानीय अर्थतन्त्रमा पार्ने र पारेको प्रभावहरूको वस्तुगत अध्ययन गरिनेछ । |

#### उद्देश्य २

सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लाग्न उपयूक्त वातावरण निर्माण गर्नु ।

| रणनीति | |
|---|---|
| २.१ | सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्र मैत्री बनाउने । |

| कार्यनीति | |
|---|---|
| २.१.१ | सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्र जस्तै कृषि, उद्योग तथा पर्यटनमा लगानी अभिवृद्धि गर्न स्थानीय सहकारी नीति र ऐनमा आवश्यक सुधार संशोधन र परिमार्जन गरिनेछ । |
| २.१.२ | अति विपन्न नागरिक तथा मजदुरहरूलाई सामुहिक बचत गर्ने बानी बसाल्न उत्प्रेरणा अभिमुखीकरण गरिनेछ । |
| २.१.३ | निश्चित मापदण्डका आधारमा बचत, लगानी तथा ऋण परिचालनमा अब्बल एक सहकारीलाई वार्षिक उचित पुरस्कारको व्यवस्था गरिनेछ । |
| २.१.४ | सहकारीलाई उत्पादन तथा रोजगारीसँग जोडी नागरिकको जीवनस्तरमा सुधार ल्याईनेछ । |
| २.१.५ | एक सहकारी एक उत्पादनको अभियान सघन रुपमा अगाडी बढाइनेछ |
| २.१.६ | कृषकलाई उत्पादन सहकारी खोल्न लगाई बजारसम्म पहुँच पुर्याउनका लागि सहजीकरण गरिनेछ । |

| रणनीति | |
|---|---|
| २.२ | सहकारीलाई व्यावसायीकरणका अभ्याससँग एकीकृत गर्ने । |
| कार्यनीति | |
| २.२.१ | सहकारी खेतीलाई प्रोत्साहन गर्न कृषि सहकारी संस्थाको सहयोगमा व्यावसायिकता प्रबर्द्धन तालिम सञ्चालन गरिनेछ । |
| २.२.२ | सहकारी मार्फत उद्यमशीलता अभिवृद्धिका लागि घुम्तीकोष परिचालन गरिनेछ । |
| २.२.३ | सहकारी संस्थाहरूको व्यवसायिक तथा रणनीतिक योजना निर्माण गरिनेछ । |
| २.२.४ | सहकारी संस्थाहरूको वित्तीय व्यवस्थापन तालिम सञ्चालन गरिनेछ । |
| २.२.५ | सहकारी संस्थाहरूको लेखा प्रणालीलाई प्रभावकारी बनाउन लेखा प्रणाली तालिम सञ्चालन गरिनेछ । |
| २.२.६ | सहकारी संस्थाहरूबाट प्रवाहित हुने ऋणको जोखिम लगायतका समग्र विषयमा ऋण व्यवस्थापन तालिम सञ्चालन गरिनेछ । |
| २.२.७ | सहकारी संस्थाहरूको संयुक्त सहभागितामा शीत भण्डार निर्माण गरिनेछ । |
| २.२.८ | दूग्ध सहकारीलाई चिस्यान केन्द्र स्थापनामा अनुदान प्रदान गरिनेछ । |
| २.२.९ | सहकारी पुस्तक प्रकाशन गरिनेछ । |
| २.२.१० | सहकारी दिवसको नियमित आयोजना गरिनेछ । |
| २.२.११ | सफल सहकारी अवलोकन भ्रमणमा सहयोग गरिनेछ । |
| २.२.१२ | सहकारी संस्थाहरूको लागत सहभागितामा कोपोमिस तालिम प्रदान गरिनेछ । |
| २.२.१३ | विशिष्ट सहकारी संघ निर्माण गरिनेछ । |
| २.२.१४ | सहकारीमा आन्तरिक सुशासन कायम गर्न आन्तरिक लेखापरीक्षण तालिम सञ्चालन गरिनेछ । |
| २.२.१५ | सहकारी संस्थाहरूका गतिविधिहरू सहकारी मूल्यमान्यता, कानून बमोजिम बनाउन नियमित अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गरिनेछ । |

## सहकारीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १. | १.१ | १.१.१ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | | ८० | | | | न.पा. |
| | | १.१.२ | महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम | ८० | | ८० | | | न.पा. |
| २. | २.१ | २.१.१ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | ५०० | | | | | न.पा. |
| | | २.१.२ | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | ३०० | ४०० | ५०० | ६०० | ७०० | न.पा. |
| | | २.१.३ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | १०० | १०० | १०० | १०० | १०० | न.पा. |
| | | २.१.४ | सहकारीमार्फत सुपथ मूल्यको पसल स्थापना गर्न प्रोत्साहन | ५०० | ५०० | ५०० | ५०० | ५०० | न.पा., सहकारी |
| | | २.१.५ | एक सहकारी एक उत्पादनको अभियान | १०० | | | | | न.पा., सहकारी |
| | २.२ | २.२.१ | सहकारी खेती प्रवर्द्धन तालिम | २०० | | २०० | | | न.पा. |
| | | २.२.२ | सहकारी मार्फत उद्यमशीलता अभिवृद्धिका लागि घुम्तीकोष परिचालन | १००० | १२०० | १५०० | १७०० | २००० | न.पा. |
| | | २.२.३ | सहकारी संस्थाहरूको व्यवसायिक तथा रणनीतिक योजना निर्माण | ४०० | ५०० | ६०० | ७०० | | न.पा., सहकारी |
| | | २.२.४ | सहकारी संस्थाहरूको वित्तीय व्यवस्थापन तालिम | | ३०० | | | | न.पा., सहकारी |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | २.२.५ | सहकारी संस्थाहरूको लेखा प्रणाली तालिम | | | ३०० | | | न.पा., सहकारी |
| | | २.२.६ | सहकारी संस्थाहरूको ऋण व्यवस्थापन तालिम | २०० | | | | | न.पा., सहकारी |
| | | २.२.७ | सहकारी संस्थाहरूको संयुक्त सहभागितामा शीत भण्डार निर्माण | | १५०००० | | | | सहकारी संस्थाहरू |
| | | २.२.८ | दूग्ध सहकारीलाई चिस्यान केन्द्र स्थापनामा अनुदान | | | ५०० | | | न.पा. |
| | | २.२.९ | सहकारी पुस्तक प्रकाशन | | १०० | | | | सहकारी सञ्जाल |
| | | २.२.१० | सहकारी दिवस | ७० | ८० | ९० | ९० | ९० | न.पा. |
| | | २.२.११ | सफल सहकारी अवलोकन भ्रमण | | ५०० | | | | सहकारी संस्थाहरू |
| | | २.२.१२ | कोपोमिस तालिम | ३०० | | | | | सहकारी सं. |
| | | २.२.१३ | विशिष्ट सहकारी संघ निर्माण | १०० | | | | | न.पा., सहकारी |
| | | २.२.१४ | सहकारी संस्थाहरूको आन्तरिक लेखापरीक्षण तालिम | ३००० | | ३००० | | ३००० | न.पा., सहकारी |
| | | २.२.१५ | सहकारी संस्थाहरूको नियमित अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण | १०० | १०० | १०० | १०० | १०० | न.पा. |

### ३.२.८ श्रम, रोजगारी र सामाजिक सुरक्षा

#### (अ) श्रम तथा रोजगारी

श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन् । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांस हो । रोजगारीको अवसरबाट वञ्चित वा नियमित आय आर्जन नभएका विपन्न नागरिकहरुको न्यूनतम आय आर्जन सुनिश्चित गर्ने हेतुले ठाकुरबाबा नगरपालिकाले सिपविकास तथा क्षमताविकास का कार्यक्रमहरु संचालनमा ल्याएको छ । नगरपालिकाबाट प्रकाशित हिजो र आज, २०७८ नामक दस्तावेज अनुसार नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ४० वटा आयोजनाहरु सम्पन्न भएको र त्यसबाट १६४१ जनाले रोजगारी प्राप्त गरेको तथ्याङ्क रहेको छ। यसै गरी आ ब. २०७८/०७९ मा पनि २६२ जनालाई रोजगारी प्रदान गर्ने लक्ष्य राखिएको थियो जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ बोकेको यस नगरपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधिमै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।

**प्रमुख समस्या, चुनौतीहरु तथा दुर्वल पक्षहरु**

